वर्ष : २०, अंक : ३७, काठमाडौं, २०८१ फागुन ९ गते शुक्रबार, 21 February, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मुक्कुम्लुङ केवलकार विरोधमा एकताबद्ध पदयात्रा



फुङ्लिङ । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोको नेतृत्वमा बिहीबार फुङ्लिङ नगरपालिकाबाट पाथिभारा मन्दिरसम्म विरोधी पदयात्रा सम्पन्न भएको छ । यस पदयात्रामा करिब ३०० जना सहभागी भएका थिए, जसमा पार्टीका नेता रमन पाण्डेय, अनुप सुब्बा, सीएन थारु, सन्तोष मेहता, चन्द्र प्रसाद राजवंशी, बेबी राज भण्डारी, स्थानीय नेता-कार्यकर्ता, मुकुम्लुङ केवलकार संघर्ष समिति, विद्यार्थी, समाजसेवी तथा अन्य विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

यस पदयात्राको मुख्य उद्देश्य मुकुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केवलकार परियोजनाको विरोध गर्नु रहेको थियो। सहभागीहरूले उक्त परियोजनाले स्थानीय सभ्यता, संस्कार, परम्परा तथा धार्मिक आस्थामा असर पार्ने भएकाले यसको विरोध जनाएका थिए। उनीहरूले स्थानीय संस्कृति र इतिहासको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

रमन पाण्डयले भने, "मुकुम्लुङको चोत्लुङ सभ्यता बचाउन हामी मधेश, पहाड र हिमालका नागरिक एकजुट भएका छौँ। हाम्रो संस्कृति कुनै कमिसन र दलालीको खेलमा बिक्री हुन सक्दैन ।"

राजेन्द्र महतोले जोड दिए, "मुकुम्लुङको संस्कृति तथा चोत्लुङ सभ्यता नष्ट गर्ने कार्य कुनै पनि हालतमा सह्य हुने छैन। जबसम्म केवलकार निर्माण कार्य बन्द हुँदैन, तबसम्म हाम्रो संघर्ष जारी रहनेछ ।" नेताहरूले नेपाल सरकारलाई सचेत गराउँदै केवलकार परियोजना रोक्न र स्थानीय सभ्यता जोगाउन आवश्यक कदम चाल्न आग्रह गरेका छन्। उनीहरूले राज्यले नागरिकका आवाजलाई नसुनिएको खण्डमा आन्दोलन थप सशक्त बनाइने चेतावनी दिएका छन्।

स्थानीयबासीहरूले पनि उक्त परियोजनाको कडा विरोध जनाएका छन्। उनीहरूको भनाइमा केवलकार परियोजनाले स्थानीय धार्मिक स्थलहरूमा

*बाँकी अन्तिम पृष्ठमा*

## रिंकु सदा बलात्कार र शंकास्पद मृत्यु प्रकरण

# पीडित परिवारलाई न्याय दिलाउन संघर्ष गर्ने चेतावनी

काठमाडौं । सिरहा जिल्लाको नवराजपुर गाउँपालिका-१ भगवतीपुर तामासुइया टोलकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको सामूहिक बलात्कार र रहस्यमय मृत्युका विषयमा जानकारी लिन पूर्वगृह राज्यमन्त्री तथा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीको नेतृत्वमा अन्य राजनीतिकर्मीहरू पीडितको परिवारसँग भेटेका छन् ।

दलित समुदाय माथि दिनानुदिन हिंसा बढिरहेको प्रति पूर्वगृह राज्यमन्त्री अन्सारीले जिल्लाको सिडिओ एसपी र कसैसँग दबाब र प्रलोभनमा नपर्न पीडित परिवार र समुदायलाई आग्रह गरेका थिए ।

उनले भने, "हामी ४ दल र नागरिकसमाज स्थलगत निरीक्षण गरी गाउँका मान्छे र पीडित परिवारका सदस्यहरुसँग सत्य र तथ्य बुझ्दा घटनाका प्रवुति हेर्दा सामूहिक बलात्कार भएको देखिन्छ, घटनालाई लुकाउन र दोषीहरुले सजायबाट जोगिनका लागि हत्या गरेको जस्तो देखिन्छ । रिंकुको साथमा जे अन्याय भएको छ, बलात्कार भएको छ त्यसको दोषीलाई कानूनको दायरामा ल्याउन र कडाभन्दा कडा सजाय दिलाउन सम्बन्धित निकाय प्रहरीले कुनै कसर बाँकी राखे हामी सडकमा आन्दोलन गर्न बाध्य हुन्छौं ।'

उनले गृह मन्त्रालयका निकायलाई नजिकबाट नै हेर्ने मौका पाएकाले प्रहरीले यथाशक्य ढिलोचाँडो पनि अभियुक्तहरूलाई प्रहरीले कानूनको दायरामा ल्याउन सफल हुने विश्वास



व्यक्त गरे ।

नेपाल मानव अधिकार आयोगको २०८० को प्रतिवेदन अनुसार, दलित समुदाय विरुद्धको हिंसा पछिल्लो ३ वर्षमा ४०% ले बढेको देखिन्छ । यस्तो अवस्थामा, संविधानले गरिएको जातीय भेदभाव विरुद्धको कानूनको कार्यान्वयन निकै चुनौतीपूर्ण रहेको छ ।

पीडित परिवारलाई भेट्न मधेश प्रदेश सरकारको पूर्वगृह संचार तथा कानून मन्त्री तथा मधेश प्रदेश सभा सदस्य विमला अन्सारीले जुन घटना रिंकुको साथमा भयो त्यो आफुले महसुस गरिरहेको जनाएकी छन् । 'यी कुराहरूको पीडा आफुले महिला भएकोले बुझ्न मात्रै सक्दिनँ महसुस पनि गर्न सकिरहेको छु । किनकि मेरो पनि छोरी छन् ।'

' कुनै पनि जातिको भएपनि छोरी त छोरी हो नि ?' उनले यो कुरा आफुले प्रदेशको सदनमा राख्ने जिकिर गरिन । अब संघर्ष त्यहींबाट गर्ने गर्ने पीडित परिवारलाई ढुक्क हुन आश्वासन समेत दिएकी थिइन् ।

केही दिन अगाडि सर्लाहीको सत्येन्द्र राम र नेहा गुप्ताको अन्तरजातीय बिहे भएपछि पदीय दुरुपयोग गरि बहालबाला गृह मन्त्रीको निर्देशनमा नै प्रहरी महनिरीक्षकले डिएसपी र प्रहरी हवल्दार नै खटाएर पक्राउ गर्नेसम्मको हैसियत राख्ने प्रहरीले अहिलेसम्म रिंकुको घटनामा संलग्न कसैलाई पनि अहिलेसम्म सिरहा प्रहरीले पक्राउ गर्न नसक्नुलाई प्रहरीको जिम्मेवारी माथी प्रश्न चिन्ह खडा भएको वहुजन एकता पार्टी नेपालको वरिष्ठ नेता राजाराम पासवानले आक्रोश व्यक्त गरे ।

उनले मंगलबार पीडित परिवारलाई भेट्न गएको बेला राति परेपछि पनि ईलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी विष्णु प्रसाद सोतीलाई प्रत्यक्ष भेटेर नै यो घटनालाई गम्भीर रूपमा हेर्न आग्रह गरेका थिए ।

साथै उनले यस्ता घटनाहरू हुनु भनेको सम्पूर्ण दलित समुदाय माथिको हिंसा रहेको बताएका थिए । समयमा नै पीडितले न्याय नपाए सडक देखि सदनसम्म अवरुद्ध हुने उल्लेख गरेका छन् ।

बहुजन एकता पार्टी नेपालको अध्यक्ष हरिनन्दन अम्बेडकर, प्रकाश मेहरा केन्द्रिय सह महासचिव, नेपाल जनजागृती पार्टीको अध्यक्ष धुर्वलाल प्रसाद सहनी निषाद र महासचिव भुजेन्द्र पसाद सहनी नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले सबैले एकमुष्ट पीडित परिवारको साथमा आफुहरू जति बेला पनि कुनै ठाउँमा उभिन तयार रहेको बताएका छन् ।

घटना घटिसकेपछी दलित अभियन्ता राम सुफल सदाले घटनाको कुनै संचार माध्यममा नआएपछि आफ्नो फेसबूकमा पत्रकारहरूलाई आग्रह गरेपछि मात्रै घटना स्थानीय देखि राष्ट्रिय स्तरको संचार माध्यममा आएपछि बाहिरिएको थियो । तर उनले अहिले प्रहरी र राजनीतिकर्मी माथी आक्रोश पोख्दै लेखेका

*बाँकी अन्तिम पृष्ठमा*

## जुन पढाइले रोजगार दिन्छ, त्यो पढ्नुपर्यो : डा.सीके राउत



जनकपुरधाम । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतले मधेश प्रदेशमा प्रदेश सरकारले विकास तथा परिवर्तनका लागि थुप्रा योजना कार्यान्वयन गरिरहेको भन्दै तिनमा योगदान दिन र त्यसबारे संज्ञान लिन युवा विद्यार्थीलाई आग्रह गरेका छन् । नेपाल रिपब्लिक मिडियाद्वारा 'म नागरिक म बनाउँछु नेपाल' अभियानअन्तर्गत जनकपुरधाममा आइतबार आयोजना भएको बहस कार्यक्रममा विज्ञवक्ताका रूपमा सहभागी डा.राउतले जिज्ञासु विद्यार्थीहरूले गरेका फरकफरक प्रश्नका उत्तर दिनेक्रममा प्रदेशमा साक्षरता र कोडिङ आर्मी बनाउने अवधारणामा काम भइरहेको बताए । उनले सतवटै प्रदेशमध्ये निरक्षरता, गरीबी आदि दृष्टिले मधेश प्रदेश सबैभन्दा पिछडिएको प्रदेशमा गनिने गरेको हुँदा यसमा फड्को ल्याउन तीसहितका विभिन्न कार्यक्रम ल्याइएको स्पस्ट पार्दै ती अवधारणाअन्तर्गत साक्षरता प्रतिशत वृद्धि गर्ने, प्लसटु उतीर्ण गरेका वा स्नातक पढ्दै गरेका दस हजारसम्मलाई कोडिङसम्बन्धी तीनचार महिनाको तालिम दिई काममा लगाउने, आइटी पार्क निर्माण गर्ने इक्वीवेसन सेन्टर र स्पेस सेन्टर नै स्थापना गर्नेगरी काम अघि बढाइएको जानकारी दिए ।

उनले भने, 'पहाडमा कुनाकुनामा मधेशका अझ धनुषाका शिक्षक गएर पढाएका होलान्, हामीले जहिल्यै पनि धनुषा भनेको जनकपुर हो र जनकपुर विद्याको राजधानी अझ ज्ञानको भण्डार हो भन्नेमा गर्व गर्यौं। तर, हामीले यस्तो भन्दाभन्दै यहाँको साक्षरतादर खस्कियो ।' कर्णालीभन्दा पनि कमजोर मधेश प्रदेशको साक्षरता दर बढाउन सात वर्ष रहेको पूर्ववर्ती प्रदेश सरकारले सिन्कोसम्म नभाँचेको उनको गुनासो थियो । प्रदेशमा विद्यमान गरीबी र बेरोजगारीका कारण बहुआयामिक भएको उल्लेख गर्दै उनले यसका लागि सरकारसँगै नागरिक आफैं पनि जिम्मेवार रहेको बताए । जनमत अध्यक्ष डा.राउतले साक्षरतादर नबढाउँदासम्म र रोजगारी दिने विषय नपढ्दासम्म बेरोजगारीका समस्या समाधान गर्न कठिन हुने उल्लेख गरे । उनले भने, 'जुन पढाइले रोजगार दिन्छ, त्यो पढ्नुपर्यो । डिग्रीमात्र थन्कयाएर हुँदैन ।'

## आठ दलीय 'लूज एलायन्स' देश र जनताको पक्षमा : त्रिपाठी

काठमाडौं। जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले मधेशकेन्द्रित आठ दलीय भइरहेको नरम गठबन्धन (लूज एलायन्स) देश र जनताको पक्षमा रहेको प्रष्ट्याएका छन् । अध्यक्ष त्रिपाठीले मंगलबार एक विज्ञप्ति जारी गरी लूज गठबन्धनको सकारात्मक दुरगामी र सन्तोसजनक कदम रहेको बताएका छन् ।

उनले भनेका छन्, 'यो प्रकृया कार्यदल र कार्यदलले गठन गरेको मस्यौदा समितिले तयार गर्ने साझा मस्यौदा नेतृत्वबाट अनुमोदित भएपछि थप प्रभावकारी हुने पार्टी विश्वास गर्दछ । यस कदमले कार्यकर्ता र जनतामा नयाँ उत्साह सञ्चार गरेको सर्वविदित छ । शुभारम्भदेखि नै यस कार्यले समग्र देशको राजनीति र विशेषत: तराई मधेशको



राजनीतिलाई सकारात्मक योगदान गरिरहेको तथ्यप्रति पार्टी सन्तोष व्यक्त गर्दछ ।'

यसै क्रममा नेपाल सरकारद्वारा जारी अध्यादेशहरू विशेषत: भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश र २०% भन्दा बढी मुनाफा लिन बन्देज रहेको ऐनको प्रावधानलाई विस्थापित गरी सो प्रावधान हटाउने कार्य भएको अध्यादेशले देशव्यापी बहस तीव्र आलोचनाको केन्द्रबिन्दु रहेको छ ।

उक्त अध्यादेशहरुको व्यवस्था प्रति गम्भीर चिन्ता व्यक्त गर्दै यस नरम गठबन्धन ( लूज एलायन्स) को महत्त्वपूर्ण अङ्गको रूपमा रहेका सर्वप्रथम जनता समाजवादी पार्टी, नेपालले लिएको दृष्टिकोण र तत्पश्चात लोकतान्त्रिक समाजवादी पार्टीले अख्तियार गरेको दृष्टिकोणले देशव्यापी सकारात्मक सन्देश प्रवाह मात्र गरेन कि सार्वजनिक जग्गा, वनक्षेत्र, बुट्यान, हाट, हाटघाट, गौचर, बजार, राष्ट्रिय निकुञ्ज वा आरक्ष, मध्यवर्ती क्षेत्रको जग्गा, चुरे क्षेत्र को संरक्षण गर्न उपरोक्त दलहरूको निर्णयले महत्वपूर्ण भूमिका खेल्ने उनको दाबी छ ।

'जनता प्रगतिशील पार्टी, नेपाल यस उपरोक्त कदमको उच्च प्रशंसा गर्दछ,' उनले थपेका छन्, 'आठ दलीय नरम गठबन्धन (लूज एलायन्स) कुनै पार्टी विशेषको विरुद्धमा नभई सदैव देश र जनताको पक्षमा रहनेछ । शिशु अवस्थाम रहेको उक्त नरम गठबन्धन (लूज एलायन्स) आगामी दिनमा थप एकताबद्ध भई थप प्रभावशाली हुने र नेपाली राजनीतिलाई सृजनात्मक तथा सकारात्मक योगदान दिने पार्टीको विश्वास छ ।' त्रिपाठीले विज्ञप्तिमा भनेका छन् ।

## समाज विकासका लागि नागरिक सतर्कता आवश्यक छ : मुख्यमन्त्री सिंह

जकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले समाजमा विद्यमान बेथिति, विसङ्गति र विकृत निर्मूल गर्न नागरिकले आफ्नो कर्तव्य निर्वहन गर्नुपर्ने बताएका छन् । उनले नागरिक दायित्व निर्वाह भएपछि मात्र राजनीतिक नेतृत्व र कर्मचारी नियन्त्रित तथा कर्मठ हुने प्रस्ट्याए ।

नेपाल रिपब्लिक मिडियाद्वारा 'म नागरिक म बनाउँछु नेपाल' अभियानअन्तर्गत जनकपुरधाममा आइतबार आयोजना भएको बहस कार्यक्रमको आरम्भमा बोल्दै मुख्यमन्त्री सिँहले नागरिकको सजगता, सतर्कता र संवेदनशीलता अभावमा शिक्षा, स्वास्थ्यजस्ता क्षेत्र अस्तव्यस्त बनेको बताए । उनले अवैध तथा अनाधिकृत ढङ्गले सञ्चालनमा रहेका अस्पताल, विद्यालय लगायतका संस्थाका विषयमा सेवाग्राही नागरिकले ती ठाउँ नियम तथा मापदण्डअनुसारका सेवासुविधा प्रवाह गरे वा नगरेका विषयमा जानकारी लिन थालेपछि सुधार सम्भव हुने उल्लेख गरे ।

उनले आफूले अनुगमन गरेका अस्पतालमा पूर्वाधार नपुगेका, अत्यावश्यक जनशक्ति तथा उपकरण नरहेका र फोहोरमैला राम्ररी व्यवस्थापन नभएका देखिएको भए पनि तिनमा बिरामीको अत्यधिक चाप रहेको तर सेवासुविधाको गुणस्तर कायम हुनेगरी मापदण्ड पुर्याएका अस्पतालमा बिरामी धेरै थोरै भर्ना हुनेगरेको दुर्भाग्यपूर्ण अवस्था रहेको बताए । उनले कमिसनका लागि त्यस्ता अस्पतालमा बिरामी पुर्याइँदा सो अवस्था आएको भन्दै विगतमा कमिसन एजेन्ट बनेका एम्बुलेन्स ड्राइभरहरूले समेत अस्पताल सञ्चालन गरिरहेको बताए ।

मुख्यमन्त्री सिँहले अस्पताल जाँदा त्यसको वैधताबारे जिज्ञासा राख्नुपर्ने तथा सेवासुविधाबारे नागरिकले सोधपुछ गर्नुपर्ने बताए । उनले गुणस्तरीय सेवा र सुविधाको आशामा वैधता नरहेका अस्पतालमा जाँदा त्यसअनुसारको उपचार नपाउने गरेको भन्दै त्यसभन्दा उत्तम सरकारी अस्पतालमै उपचार गराउनु रहेको बताए ।

उनले सामुदायिक विद्यालयमा व्यवस्थापन समितिको काम अपेक्षित तथा प्रभावकारी नभएको, शिक्षकले पठनपाठनमा ध्यान नदिएको, विद्यार्थीहरू शिक्षकको नियन्त्रणमा नरहेको, शिक्षक र विद्यार्थीको अनुपात नमिलेको समस्या रहेको भन्दै निजी विद्यालयको गुणस्तर राम्रो नभएको औंल्याए । उनले भने, 'विद्यार्थीले प्राप्त गर्ने परिणाम सन्तोषजनक छैन । त्यसैले निजी विद्यालयको गुणस्तर राम्रो भएको मान्न सकिँदैन ।' मुख्यमन्त्री सिँहले निजी विद्यालयमा योग्य मापदण्डअनुसार शिक्षक नरहेका र एउटै शिक्षकले धेरै विद्यालयमा पढाउनुपर्ने भएकाले चालिस मिनेटको घन्टी ३० मिनेटमा झारिएको जस्ता समस्या रहेको बताए ।

मुख्यमन्त्री सिँहले देश, प्रदेश र पालिका बनाउने जिम्मेवारी राजनीतिकर्मी र कर्मचारीको मात्र नभएर नागरिकको समेत भएकाले एकअर्कालाई निषेध र दोषारोपण गर्नुभन्दा सहकार्यका आधारमा समाज निर्माणमा सबैले योगदान गर्नुपर्ने बताए ।

उनले जनकपुरधाममा एकाबिहान फोहोरमैला संकलन गर्नेगरिए पनि बजारका पसले, घरबेटी र टोलछिमेकका मानिसले डस्टपिनमा फोहोर नराखी कुनाकाप्चामा फ्याक्ने गरेको बताउँदै त्यसले जनकपुरधामको धार्मिक तथा साँस्कृतिक गरिमा नै घटेको बताए । उनले जनकपुरधामलाई पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रूपमा स्थापित गर्न र विश्व मानचित्रमा उपल्लो ठाउँमा राख्न फोहोरमैला व्यवस्थापनप्रति स्थानीय बासिन्दालाई गम्भीर बन्नुपर्ने बताए ।

## सम्पादकीय

### किन जनआक्रोश बढ्दैछ ?

नेपाली जनता धेरै सहनशील र धैर्यवान छन् । नेपालको हरेक परिवर्तनहरुमा जनताले परिवर्तनलाई नै साथ दिँदै आएका छन् । हाल नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दैछ । गणतान्त्रिक व्यवस्था विश्वकै सबभन्दा उत्कृष्ट व्यवस्थ हो । तर, उत्कृष्ट व्यवस्था हुँदाहुँदै पनि नेपालीजनको जीवनशैलीमा त्यो किसिमको परिवर्तन आएन । केही नेताहरुको जीवनशैलीमा अवश्य नै परिवर्तन आयो । छल, कपट, जाल, फरेब, धोखाको आधारमा राजनीति गर्नेहरु एक दिन विकट परिस्थितिमा फँस्ने निश्चित छ । यो परिस्थिति अप्रत्याशित रुपले आएको होइन । एक दिन विकट परिस्थितिमा यी दुषित मानसिकताबाट ग्रसित राजनीतिक रोगीहरु देशलाई फँसाई दिने कुरा बुझ्नेहरुको आकलन थियो, सावित भयो । ०६० सालमा राजाको प्रत्यक्ष शासनको विरुद्ध उर्लेको मानवसागर जस्तै आज पनि पुनरावृति हुने अवस्थाको सिर्जना हुन थालेको छ । अहिलेका जनता सम्पूर्ण राजनीतिक दलका अगुवाहरुप्रति आक्रोशित छन् । राजाले केही गर्न सकेन भनेर जनतालाई झुक्याएर सडकमा ल्याउने राजनीतिक दलहरुले देश र जनतालाई झन् कँगाल बनाए भनेर जनता आक्रोशित भएका छन् ।

जनआक्रोश कतिसम्म बढेको छ भने राष्ट्रघात गर्नेलाई ठाउँको ठाउँ सिध्याउने आवाज घन्किदै छन् । कहिल्यै मुख नखोल्ने सेनाले पनि देश बचाउन अगाडि आउने अवस्थाको सिर्जना हुन लागेको हो । सेना पक्षमा रहेको कुराबाट जनता झन् प्रोत्साहित भएका छन् । परिस्थिति राजनीतिकर्मीको उल्टो दिशामा जान लागेको यसलाई सहज बनाएर लैजाने क्षमता कुनै राजनीतिक दलमा देखिएको छैन ।

शक्तिकेन्द्रका गुलाम बनेका दलहरु आफ्नो मौलिकताको कहिल्यै पनि अभ्यास गरेन । आफ्नो स्वार्थका लागि सधैं शक्तिकेन्द्रलाई गुहार्ने दलहरुले आफू त सुध्रन सकेन, नयाँ आउने दलहरुलाई पनि शक्तिकेन्द्रका गुलाम बनाए । दास मानसिकता राखेकाहरुसँग न आफ्नो स्वाभिमान हुन्छ न देशको । मालिकका आज्ञाकारी प्यादाहरु विदेशी स्वार्थलाई नेपाली विकासको परिभाषा गरि देशलाई ठग्दै आएको छ । प्रजातन्त्र स्थापना भएको पनि ३५ वर्ष भैसक्यो । देश र जनताको विकासको तथ्याँक अति न्यून विन्दुमा रहेकोप्रति किञ्चित पनि लज्जाबोध हुँदैन । देशलाई लुट्नेबाहेक लोकतान्त्रिक भनाउँदा शक्तिहरुले के गरेको कुरा सरकारी तथ्याँकले देखाइरहेको छ ।

लोकतान्त्रिक पद्धतिमा संघीय प्रणालीद्वारा देशको मुहार फेर्ने ३५ वर्षको अवसर बितेपनि केही गर्न नसकेको तर्कपूर्ण जवाफ पनि कसैसँग छैन । सबै दलहरुले आफ्नो क्रियाकलापबाट जनतामा फैलाएको वितृष्णाको प्रतिफल हो जनआक्रोश । राजनीतिक अगुवाहरुले बेलैमा आफ्नो व्यवहार र कार्यशैलीमा परिवर्तन नभए अवस्था भ्यावह हुनेछ ।

## संघ परिवारको जिम्मेवारी एकातिर महिलालाई देऊ, अर्कोतिर सत्ताको हतियार देऊ



सुनिता साह (क्रान्ति)

हामी त्यो समाजका मानिस हौं, जहाँ माता दुर्गा, काली, लक्ष्मीलाई नारीको रूपमा पूजा गरिन्छ । माता जानकीको हरेक रूप उदाहरण हो तर सत्य कुरा के हो भने महिलाहरू कमजोर र गरिब छन् । त्यो समाजमा हरेकले हामीलाई यातना दिन्छन् । म त्यो समाजको महिला हुँ जहाँ हरेक दिन कुलदेवताको पूजा गरिन्छ, कुमारी केटीलाई मायाले खुवाइन्छ । पश्चातापको संगत भन्छ यदि घरमा छोरी जन्मियो भने, उनी आँसु बगाउँछिन् । यो लाजमर्दो कुरा हो । समाज भन्छ, यदि छोरी पढ्न बाहिर गइन् भने उनको मनोवृत्ति फोहोर छ, हेर्नुहोस् छोरीको इज्जत चकनाचुर हुनेछ हेर्नुहोस् छोरीको इज्जत चकनाचुर हुनेछ । बन्धनले आफ्ना छोरीहरूलाई घाँटीमा हाल्छ कि हरेक नियम र असामाजिक डोरीले आफ्ना छोरीहरूलाई घाँटीमा हाल्छ । त्यसैले तपाईंहरू सबैलाई अनुरोध छ कि यो नीच सोचको अन्त्य गर्नुहोस् । तपाईंको मानसिकतालाई तपाईंको घरका महिलाहरूलाई शक्तिशाली बनाउनुहोस् । तपाईंको सम्मान, मर्यादा र संस्कृति बनाउनुहोस् । मलाई जिम्मेवारी दिनुहोस् संघ परिवार अर्को हातमा हात मिलाउनुहोस् । शक्तिको हतियार पठाउनुहोस् र आत्मनिर्भरता र आत्मनिर्भरताको पाठ पठाउनुहोस् । आत्मनिर्भरता र आत्मनिर्भरताको पाठ पठाउनुहोस् ।

# नेपाली कांग्रेस भित्रको अन्तर्संघर्ष र अबको बाटो

नेपालको राजनीतिक परिदृश्य अहिले एक जटिल मोडमा पुगेको छ । यहाँका संस्थागत प्रतिरोध, पार्टीभित्रका विभाजन, बाह्य प्रभावहरू र बदलिँदो सत्ता समीकरणहरूले सत्तारुढ गठबन्धनभित्र तनावको वातावरण सिर्जना गरेका छन् । नेपाली कांग्रेस भित्रको आन्तरिक प्रतिष्पर्धा, सुरक्षा निकायहरूमा असन्तुष्टि र सञ्चारमाध्यमहरूमाथि नियमनको प्रयासले देशको लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्न सक्ने संकेत दिएका छन् ।

सुरुवात गरौं, प्रशासनिक निकाय र सुरक्षा संस्थाहरूको अवस्थासँग । प्रस्तावित प्रहरी विधेयकलाई लिएर प्रहरी प्रशासन भित्र असन्तुष्टि फैलिएको छ । यस असन्तुष्टिको यदि विरोध बढ्छ भने, यसको असर कानुन कार्यान्वयन र शासनमा कस्तो पर्न सक्छ ? यही समय, सेनाको निष्ठा सम्बन्धी बनाएका छन् । पार्टीका अन्य नेता विश्वप्रकाश शर्मा उपाध्यक्ष र प्रदीप पौडेल क्रमश: उपसभापति र महामन्त्रीको रूपमा उभिने अड्कल छन् । यदि गगन थापा नेतृत्वमा उत्रिए भने, शेरबहादुर देउवाले उदाउँदै गरेकी क्षमतावान नेतृ डा. आरजू राणाको सुरक्षाका निम्ति यी नयाँ शक्तिहरूसँग कसरी सामना गर्नेछन् भन्ने बहसले गति लिएको छ तर यो पनि चर्चा चलेको छ कि महामन्त्री थापाले छिट्टै देउवाका उत्तराधिकार प्राप्त गरुन् !

एक फरक तर गम्भिर प्रसंगमा अवतरित हुनुपर्दा गगन थापा माथि क्रिश्चियानिटीको आरोप लाग्ने गर्दथ्यो र त्यो गगन थापाले हालै हिन्दू मन्दिरमा पूजा गरेको एक भिडियो सार्वजनिक गरे, जसले केही जिज्ञासा उठायो । उनि माथि लागेको आरोप र सार्वजनिक त्यो भिडियोको विचबाट नियाल्यौ भने के तमाम नेपाली हिन्दुवादी नेताहरूले व्यक्तिका रूपमा प्रवेश गराई दिएका छन् । यदि यसले यथार्थमा आकार लियो भने, नेपालका नेतृत्वमा नयाँ भू-राजनीतिक समीकरणहरू विकसित हुन सक्छ । यस्ता रणनीतिहरू नेपालका क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा, विशेषगरी बेल्ट एन्ड रोड इनिसिएटिभ (ब्रच्क्ष) जस्ता परियोजनाहरूसँगको सम्पर्कमा के प्रभाव पार्न सक्छन् भन्ने प्रश्न उनले अब आजीवन मेटाउन सक्ने छैनन् । भारतलाई संभवत मन्दिरको सन्त पुजारी भन्दा उसको सुरक्षा स्वार्थ ठुलो छ उ भन्छ 'भारत माता की जय !'

एक अर्को प्रसंगमा कांग्रेस भित्र वीपी पुत्र शशांक कोइरालाको रणनीतिक सक्रियता र भारतीय दूतावाससँग भनिएको भेटवार्ताले बाह्य प्रभावहरूको संकेत दिन्छ तर, उनि नितान्त सचिवालय सदस्यको एक सेरेमोनियल कार्यकारी सदस्यमै सीमित देखिन्छिन् । आम रूपमा वेल मिनिङका डा. शशांक बिरामी



पनि प्रश्न उठेका छन्, विशेष गरेर ताराद्वजसँगको विवादको सन्दर्भमा । यो विवादले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ताहरू निम्त्याउन सक्छ । अर्कोतर्फ, सरकार र न्यायपालिकाबीचको बढ्दो तनावले गहिरो शासन चुनौतीको संकेत दिन सक्छ । नेपाली कांग्रेस भित्रको विभाजनले तत्काल अस्थिरता नल्याए पनि, साना अन्तरविरोधहरूले भविष्यमा शक्ति सन्तुलनमा परिवर्तन ल्याउन सक्छ ।

नेपालको पश्चिमी र दक्षिणी क्षेत्रमा सरकारको विपक्षी धारणा अझ बलियो देखिन्छ । यसले परम्परागत राजनीतिक विभाजनलाई पुष्टि गर्दछ । थप रूपमा, सामाजिक सञ्जाल नियमनसम्बन्धी प्रस्तावित नीतिहरूको विरोधले सञ्चारमाध्यमहरूलाई सरकारविरुद्ध एकताबद्ध गर्न सक्छ, यसले सरकारका लागि रणनीतिक व्यवस्थापनको आवश्यकता पनि जन्माउँछ । नियन्त्रण नियमन कानून निर्माणमा थापा सचिवालयको सक्रियताले थापा माथिको समाचार संकलनकर्ताको अपार समर्थनको नैतिक धरातल भत्किने संभावना पनि छ ।

अब आइपुगौं नेपाली कांग्रेसको नेतृत्वको संघर्षमा । महामन्त्री गगन कुमार थापाले नेपाली कांग्रेसको अध्यक्षका रूपमा उदाउने अड्कलबाजीहरूले पार्टीमा नयाँ शक्ति सन्तुलन सिर्जना गर्ने सम्भावना मन्दिर दर्शन गर्दा आफूद्वारा अभिनीत वृतचित्र प्रसारण गर्छन् त ? के यो व्यक्तिगत आस्था हो, वा यसमा कुनै रणनीतिक पाटो पनि जोडिएको छ ? गगन थापाको धार्मिक क्रियाकलापलाई खुलेआम प्रचार गर्नुको कारण के हुन सक्छ ? सरकारले विआरआई ड्राफ्ट दस्ता निर्माण गर्यो नेपाली कांग्रेसले सरकारको 'घुम्ती उच्चस्तरीय संयन्त्र' निर्माण गर्यो जहाँ गगन थापाकै सचिवालय सक्रिय थियो र विआरआई सम्झौता भयो । उपरोक्त सम्झौता माथि मित्र राष्ट्रहरूको नाराज चेहरा बुझेका थापाले 'जब परराष्ट्र मन्त्री सभापति नै चाहनु हुन्थ्यो त मेरो के लाग्थ्यो र' भन्ने जवाफ दिए तर यो ब्यालेन्स गेम लामो यसरी टिकेन कि, थापा सरकार ८४ सम्मै रहने अभिव्यक्ति दिन तल्लिन रहे । त्यो भन्दा पर सरकारद्वारा निर्मित अध्यादेशहरू निर्माण गर्न निरन्तर सक्रिय रहिरहे र यो विषयले भारतलाई कुन डायमिटरको चोट लागेको छ वा अमेरिकाले यसलाई कसरी लिएको छ वा उनि चिनिया एक दलिय प्रणाली भित्र प्रवेश गरिसके ? यस विच अन्य के संशय आरम्भ पनि भएको आभाष छ कि यो पछिल्लो पूजायाचनाले आर एस एस प्रभावित भयो वा भ्याटिकन नाराज !

साथै, केही रिपोर्टहरूका अनुसार, पश्चिमी प्रभावहरूले गगन थापालाई भारतसँगको सम्बन्धमा महत्वपूर्ण परेपछि उनको घरभित्र विभाजनकारी बाह्य शक्तिको दबदबा बढ्यो ।

यसैबीच, देउवाको रणनीतिक सोचमा पनि महत्त्वपूर्ण घटकहरू छन् । पार्टीभित्रको गुटबन्दीले देउवा डा. शेखर कोइरालाको गतिविधि, विशेष गरेर कोशी प्रदेश र सुदूरपश्चिममा भएको उनको क्रियाकलापलाई निकटबाट नियालिरहेका छन् । देउवा यसलाई सामान्य राजनीतिक चहलपहलका रूपमा देख्छन् कि यो एक ठूलो चुनौतीको संकेत हो ? भविष्यमा यसले कस्तो रूप लिन्छ, त्यो महत्त्वपूर्ण हुनेछ । तर, देउवा डाक्टर शेखर कोईरालासँग धेरै विमत्तिहरू राख्दैनन् । किनभने डा. कोइरालाको भूराजनीतिक सन्तुलन अलि ज्यादा स्थिर छ । यी मूल कारणहरूले आन्तरिक शक्ति सन्तुलनमा देउवा परिवारले डाक्टर शेखर कोइरालासँग सहकार्य गर्ने संकेत गर्दछ तर यसविच गगन थापासँगको पुनर्मिलनमा डाक्टर मिनेन्द्र रिजाल, एन पी साउद, राजेन्द्र बजगाई गुरू घिमिरे डाक्टर गोविन्द पोखरेलहरूको भूमिका पनि रोचक देखिनेछ ।

नेपालको भू-राजनीतिक र बाह्य प्रभावहरूको कुरा गर्दा, पश्चिमी मुलुकहरूले नेपालको लोकतान्त्रिक प्रक्रियालाई कसरी हेरेका छन् भन्ने कुरा गहिरो चिन्ताको विषय बनेको छ । के पश्चिमी र भारतीय कूटनीतिक निकायहरूले प्रमुख कांग्रेस नेताहरूलाई विशिष्ट क्षेत्रीय रणनीतिहरूसँग समन्वय

देउवाको व्यावहारिक नेतृत्वशैली र उनकी पत्नीको प्रभावशाली भूमिका हेर्दा, के उनीहरूले आफ्नो अनुभवलाई प्रयोग गरी पार्टीमा शक्ति सन्तुलन कायम राख्न सक्नेछन् यो प्रश्न पाठक बिच नै छाडिएको छ । अन्तिममा, शेखर कोइराला र गगन थापाबीचको एकताको दुरी अझ बढी बढ्दैछ कि छैन भन्ने सवाल उठ्छ । डेढ वर्ष पूर्व एक कांग्रेस सांसदले डाक्टर शेखर कोइराला र महामन्त्री गगन थापा विच होटल याक एण्ड यतीमा शक्ति सन्तुलन प्रस्ताव गराएका थिए ।

गर्न सुझाव दिएका छन् ? यसको परिणाम स्वरूप, कांग्रेस नेताहरूले नेपालका विदेश नीतिहरू (ब्रच्क्ष, इन्डो-प्यासिफिक रणनीति) निर्माणमा के भूमिका खेलेका छन् भन्ने प्रश्न पनि उठ्छ ।

अब, यदि देउवा पार्टीबाट बाहिरिएको सन्दर्भमा पनि कांग्रेसमा न्यूनतम २० प्रतिशत समर्थक देउवासँगै अन्तिम दिनसम्म रहन्छ त्यो भनेको लोकतान्त्रिक पार्टीमा ठुलो शक्ति हो । अथवा, देउवा नयाँ रणनीति अपनाउँदै सत्ता जोगाउने प्रयास गर्ने छैनन् ! देउवाको व्यावहारिक नेतृत्वशैली र उनकी पत्नीको प्रभावशाली भूमिका हेर्दा, के उनीहरूले आफ्नो अनुभवलाई प्रयोग गरी पार्टीमा शक्ति सन्तुलन कायम राख्न सक्नेछन् यो प्रश्न पाठक बिच नै छाडिएको छ । अन्तिममा, शेखर कोइराला र गगन थापाबीचको एकताको दुरी अझ बढी बढ्दैछ कि छैन भन्ने सवाल उठ्छ । डेढ वर्ष पूर्व एक कांग्रेस सांसदले डाक्टर शेखर कोइराला र महामन्त्री गगन थापा विच होटल याक एण्ड यतीमा शक्ति सन्तुलन प्रस्ताव गराएका थिए । अब, दुरी घट्यो र यसले आकार लियो भने, के यसले नेपाली कांग्रेसको भविष्यलाई पुनः परिभाषित गर्दै नयाँ शक्ति सन्तुलन सिर्जना गर्नेछ ? तर, यस विच विश्वप्रकाश शर्मा भाई शशांक, एन.पी. साउद सँगको एकताको बाटो आरम्भ भैसकेको परिस्थितिमा परिस्थिति अन्तै तैरिने त छैन ? अनि रेल छुट्छ ?

नेपालको राजनीतिक परिदृश्य अस्थिर र परिवर्तनशील रहेको छ, र आगामी महिनाहरूले नेताहरूलाई रणनीतिक पुनर्संरचनाको मार्ग अपनाउनेछन् वा आन्तरिक सुदृढीकरण गर्नेछन् भन्ने कुरा पत्ता लगाउनेछन् ।

*नरेश विष्ट, नुवाकोट*

# सबै अधिकार र पहिचानवादी एकजुट भएर लड्छौं र अधिकार-पहिचान स्थापित गराउँछौं



**रामनरेश राय यादव**

**नेता, राष्ट्रिय मुक्ति पार्टी नेपाल**

**० राष्ट्रिय मुक्ति क्रान्ति भनेर एक वर्षसम्म देशव्यापी अभियान चलाउनुभयो । तर, त्यो अभियानलाई पार्टीमा किन रुपानतरण गर्नुभयो ?**

– राष्ट्रिय मुक्ति क्रान्ति अभियान अहिले पनि छ । तर हाम्रो उद्देश्य पूरा गर्नका लागि कुनै राजनीतिक प्लेटफर्मको आवश्यकता महसुस भयो । त्यसैले राष्ट्रिय मुक्ति पार्टी गठन भयो । त्यो तहत नै दल निर्माण गरिएको हो । अभियान तहत अब संघर्ष हुन्छ र त्यसपछिको यात्रा विद्रोहमा जान्छ । राष्ट्रिय मुक्ति पार्टीको तीन वटा उद्देश्य हो: अभियान, संघर्ष र विद्रोह । हामीले अभियान अगाडि बढायौं । त्यो अभियान पार्टीमा परिणत भयो । सोहीअनुरुप हाम्रो अध्यक्ष राजेन्द्र महतो मुक्कुमलुङ यपदयात्रामा जानुभएको छ । त्यो एउटा अभियान नै हो । त्यो अभियान अब संघर्षमा परिणत हुन्छ ।

**० कस्तो किसिमको संघर्ष हुन्छ अब ?**

– संघर्ष भन्नाले जुन अधिकार, पहिचानका विगतमा विभिन्न समुदायले आन्दोलन गरे, त्यो सफल हुन सकेन । यो देशमा कहिल्यै नभएको आन्दोलन मधेशमा भयो तर त्यो आन्दोलनलाई राज्यले असफल बनाइदिए । संविधान बनाउने बेलामा हामीले सबैको लागि संविधान बनाइदेऊ भन्यौं तर, कांग्रेस, एमाले र माओवादीले मानेनन् । उनीहरुले एकलौटी रुपमा नश्लीय संविधान बनाए । त्यो बेला हाम्रो मधेशी मोर्चाले विरोध गर्दागर्दै पनि हामी सकेनौं । हामीमाथि गोली चलाएर तीन ठूला दलले संविधान बनाए । त्यस्तै, विगतमा आदिवासी जनजाति, थारु लगायतले पनि छुट्टाछुट्टै आन्दोलन गरे त्यो पनि असफल भयो । त्यसैले अब यो देशका सम्पूर्ण उत्पीडित, उपेक्षित र अधिकार पहिचानबाट वञ्चितहरु मिलेर अन्तिम संघर्ष गर्न आवश्यक छ ।

**० तपाइँहरु सुरुदेखि मधेशकेन्द्रित राजनीति गर्दै आउनुभयो, अहिले आएर राष्ट्रिय मुक्ति क्रान्ति भनेर अगाडि बढ्नुभएको छ । मूल उद्देश्य के हो ?**

– जुन बेला हामी गजेन्द्रबाबुको नेतृत्वमा नेपाल सद्भावना पार्टीमा आबद्ध थियौं, त्यो बेला गजेन्द्रबाबु भन्नुहुन्थ्यो कि यो देशमा जति पनि शोषित, पीडित र विभेदमा पारिएका जातजाति समुदायका लागि नेपाल सद्भावना पार्टी स्थापना भएको छ । त्यो बेला पनि धेरै प्रयास भए, तर सफल भएन । त्यसैको रुप यो राष्ट्रिय मुक्ति क्रान्ति हो । यो अपूरो संविधानको विरुद्धमा मधेशमा ६ महिनासम्म आन्दोलन भयो तर सफल भएन । त्यो असफलतालाई सफल बनाउनका लागि राजेन्द्र महतो नयाँ सूत्र बनाउने कार्यमा लाग्नुभयो । असफलतालाई सफलतामा कसरी बदल्ने उपायको खोजीमा लाग्नुभयो । मधेशमा हामीले ६ महिना आन्दोलन गर्‍यौं, थारुहरुले पनि आन्दोलन गरे, आदिवासी जनजातिले आन्दोलन गरे, नेवारहरुले पनि आन्दोलन गरे तर कसैको आन्दोलन सफल भएन । ती असफलताहरुलाई सफलतामा परिणत गर्नका असफल भएका सबैलाई जोड्नुपर्‍यो । अब सबैलाई एकै ठाउँमा ल्याउनुपर्‍यो । अनि मात्रै यो देशको मुक्ति हुन्छ, नत्र यी नश्लवादीहरुबाट मुक्ति पाउनेवाला छैन । यो नश्लीय राज्यसत्तासँग अब हामी एकजुट भएर अधिकार र पहिचानका लागि लड्छौं । त्यसैले यो पार्टीको उद्देश्य भनेको राष्ट्रिय मुक्ति नै हो ।

**० सम्पूर्ण उपेक्षित र उत्पीडितलाई तपाइँहरुले समेट्न सक्नुहुन्छ ?**

– निश्चितरुपमा यो देशका सम्पूर्ण अधिकार र पहिचानवादीहरुलाई हामी समेटेर अन्तिम क्रान्ति गर्छौं । अहिले पनि हेर्न सक्नुहुन्छ कि हाम्रो पार्टीका अध्यक्ष मुक्कुम्लुङमा पदयात्रा गर्दै हुनुहुन्छ । त्यहाँका आदिवासी जनजातिहरु पनि त पीडित छन् । अहिलेसम्म कुनै पार्टीका शीर्ष नेता त्यहाँ पुगेका छैनन्, हाम्रो अध्यक्ष राजेन्द्र महतोबाहेक । देशका हरेक आन्दोलनमा उहाँ आफै उपस्थिति जनाएर ती सबै आन्दोलनहरुमा ऐक्यबद्धता जनाउनुभएको छ । अब कोही पराई छैन, चाहे त्यो हिमाल वा पहाडका उत्पीडित होस् । हामी सबैसँग हातेमालो गरेर राष्ट्रिय मुक्ति क्रान्तिलाई सफल बनाउँछौं । शोषण उत्पीडनमा परेका समुदायका हकअधिकारका लागि राष्ट्रिय मुक्ति पार्टी अगाडि बढ्छ ।

**० मधेशमा त्यत्रो लामो आन्दोलन चल्यो र त्यो आन्दोलनका सहकर्मीहरुलाई त मिलाउन सक्नुभएको छैन नि ?**

– अहिले पनि हाम्रो आठ राजनीतिक दलको मोर्चाबन्दी बनेको छ । आवश्यकता पर्‍यो भने हामी सबै एक ठाउँमा आउन सक्छौं । विगतमा पनि हेर्नुभएको होला, हामीले ६ राजनीतिक दललाई मिलाएर राजपा बनाएका थियौं । त्यसपछि उपेन्द्र यादवको समाजवादी पार्टीसँग मिलेर जसपा निर्माण गरेका थियौं । प्राविधिक कारणले त्यो पार्टी एकजुट रहन सकेन । त्यस्तो आवश्यकता पर्‍यो भने सबै पार्टी र नेताहरु एक ठाउँमा आउँछन् र त्यो प्रयासमा हामी अहिले पनि छौं । अहिले जुन अवस्था सिर्जना भएको छ, त्यसका लागि आठ दलबीच मोर्चाबन्दी त भएको छ नि ।

**० अहिले मोर्चाबन्दीको आवश्यकता किन पर्‍यो ?**

– यो राज्यले राजनीतिक दलहरुलाई समाप्त पार्ने रणनीति बनाएको छ । कांग्रेस एमालेको सरकारले अहिले ६ वटा अध्यादेशहरु ल्याएको छ । त्यसको सर्वत्र आलोचना भइरहेका छन् । सुकुम्वासी समस्या समाधान गरेर यसअघि नै राज्यले २६ वटा कमिटी बनाइसकेको छ, तैपनि समस्या समाधान भएन । अहिले भूमिसम्बन्धी अध्यादेश ल्याएर सार्वजनिक जग्गा, खोला, वन, निकुञ्ज, गौचर, हाटघाट, सडक छेउको जग्गा र बुट्यान क्षेत्रलाई अतिक्रमण गर्नेहरुलाई प्रोत्साहन गर्न खोजेको छ । हाम्रो पार्टीले प्रेस विज्ञप्ति नै जारी गरेर विरोध गरेको छ । भूमिसम्बन्धी अध्यादेशबारे हामीले विज्ञहरुसँग छलफल गरेर त्यो विज्ञप्ति निकालेका छौं । त्यो अध्यादेशको मनसाय गलत हो, मधेशलाई कमजोर गर्ने षड्यन्त्र हो । त्यस्तै, थ्रेसहोल्ड बनाउने कुरा गरिरहेका छन् । दुनियाँ नभएको कार्य यहाँ भएको छ । संसदको पहिलो र दोस्रो दल मिलेर सरकार बनाएको हो । दुई प्रमुख दल मिलेर सरकार बनाउनुको उद्देश्य के हो ? कांग्रेस र एमालेको मनसाय हो कि यो देशमा दुई दलीय व्यवस्था होस् । यस्तै, संविधान संशोधन लगायतका विषयहरुलाई मध्यनजर गर्दै आठ दलीय मोर्चाबन्दी भएको हो । यो मोर्चाबन्दी आठ दलमा मात्रै सीमित रहँदैन, यो देशमा जति पनि अधिकार र पहिचानवादी शक्तिहरु छन्, ती सबैलाई हामी जोड्छौं र एउटा बृहत् मोर्चा बनाउँछौं । त्यो उद्देश्यका लागि हामी काम गरिरहेका छौं । बृहत् मोर्चा बनाएर हामी राज्यसँग लड्छौं । सबै अधिकार र पहिचानवादी एकजुट भएर लड्छौं र अधिकार-पहिचान स्थापित गराउँछौं ।

**० आठ दलीय मोर्चामा रहेकामध्ये कतिपय दल सरकारमा सहभागी छन्, कसैले समर्थन गरेका छन् र कसैले प्रदेश सरकार चलाइरहेका छन् । तपाइँहरुबीच मोर्चाबन्दी सफल होला ?**

– हामी सबैको मुद्दा त एउटै छ नि । अहिले विभिन्न कारणले कुनै पार्टी सरकारमा छ, कसैले समर्थन गरेका छन् । यो मोर्चामा संसद र सरकारभन्दा बाहिरका पनि दल छन्, कुनै दल संसदमा छ तर सरकारमा छैन र केही दल सरकारमा पनि छन् । तर हाम्रो विचार र मुद्दा त मिलिरहेको छ । जब मोर्चा परिपक्व हुँदै जान्छ तब उहाँहरु स्वयम् सोच्नुहुन्छ । जनताले त उहाँहरुसँग प्रश्न गर्छन् कि जब सरकारमा बसेर तपाइँहरु काम गराउन सक्नुहुन्न भने सडकमा आइदिनुपर्‍यो नि । उहाँहरु स्वयम् सोच्नुहुन्छ र समय आएपछि सबै एकजुट भएर अगाडि बढ्छन् ।

**० खासगरी, चुनावका बेला वा आन्दोलन गर्नुपर्ने बेला मोर्चाबन्दी गरिन्छ । तर, अहिले त चुनाव पनि छैन । थ्रेसहोल्ड बढाउने कुराले तपाइँहरुलाई एक ठाउँमा आउन बाध्य पारिएको हो ?**

– मोर्चाबन्दी र संघर्ष अधिकारका लागि हुन्छ । जुन दिनदेखि मधेशको आन्दोलन असफल भयो, त्यो दिनदेखि नै हाम्रो पार्टीका अध्यक्ष राजेन्द्र महतोले त्यसको कारण खोज्न थाल्नुभयो । उहाँले अनुसन्धान गर्दै जाँदा एउटा निष्कर्षमा पुग्नुभयो कि यो देशका सम्पूर्ण शोषित, पीडितहरु एकजुट भएर संघर्ष नगरेसम्म कुनै पनि आन्दोलन सफल हुनेवाला छैन । त्यसकै परिणाम हो यो राष्ट्रिय मुक्ति पार्टी । हाम्रो पार्टीको केन्द्रीय समितिलाई हेर्नुभयो भने सबै जातजाति, समुदाय, वर्गको प्रतिनिधित्व छ । दिनप्रति दिन पहिचानवादीहरु यो पार्टीमा आबद्ध भइरहेका छन् । पार्टीमा आबद्ध नभएपनि यो मोर्चालाई हामी बृहत बनाउँछौं । विभिन्न पहिचान र अधिकारवादी संघ, संस्था एवं दलहरुलाई जोडेर बृहत मोर्चा निर्माण गरेर राज्यसँग हाम्रो अधिकार र पहिचान स्थापित गराउँछौं ।

**० भनेपछि २०८४ को चुनावमा पनि यो मोर्चाबन्दी रहन्छ ?**

– चुनाव त २०८४ मा छ तर अहिले मोर्चाबन्दी किन भयो भन्ने कुरा सोच्नुपर्छ । चुनावका लागि मात्रै गठबन्धन वा मोर्चाबन्दी हुने, अधिकार र पहिचानका लागि गठबन्धन नगर्ने ? अहिले चुनावको अहिले धेरै समय बाँकी छ । हामी चाहन्छौं कि २०८४ को चुनाव अगावै सबैलाई एकजुट गरेर हाम्रो विद्रोहलाई सफल बनाउँछौं ।

**० तपाइँहरुको राष्ट्रिय मुक्ति क्रान्ति सफल हुन्छ ?**

– नेपालमा आजसम्म जति पनि परिवर्तन भएका छन्, सडकबाट नै भएका छन् । सडक संघर्षबाट सबै छिनोफानो हुन्छ । हाम्रो पार्टी अहिले सदनमा त छैन नि । सडकको संघर्षबाट हामी यो राज्यलाई बाध्य बनाउँछौं ।

**० राष्ट्रिय मुक्ति पार्टी नेपाल निर्वाचन आयोगबाट प्रमाणपत्र पाइसक्यो, संगठन विस्तार कसरी हुँदैछ ?**

– आगामी फागुन १२ गतेदेखि राष्ट्रिय मुक्ति पार्टी नेपालको प्रथम केन्द्रीय समिति बैठक हुँदैछ । त्यो बैठकमा संगठन निर्माणदेखि पदाधिकारी चयनबारे छलफल हुनेछ । त्यो पहिलो केन्द्रीय समितिको बैठकबाट निर्णय भएर आगामी कार्यदिशा तय हुन्छ ।

**० तपाइँ मधेश प्रदेशमा मन्त्री भएर पनि काम गरिसक्नुभयो, अहिले प्रदेश सरकारको कामकारबाहीलाई कसरी हेरिरहनुभएको छ ?**

– प्रदेश सरकारको कामकारबाही बारे अहिले नै टिप्पणी गर्ने बेला भएको छैन । समय आएपछि भनौंला । अहिले हामी हेरिरहेका छौं । प्रथम निर्वाचनमा राजपा र संघीय समाजवादी पार्टीबीच गठबन्धन भएर चुनाव लड्यौं र संयुक्तरुपमा सरकार बनायौं । त्यतिबेला राजपाबाट म पनि मन्त्री भएको थिएँ । पछि गएर जसपाको निर्माण भयो । सबैको लेखाजोखा जनताले राखेका छन् । हामीले भन्छौं कि संघीय सरकार चलाउनेहरुले काण्डैकाण्ड मचाए, यो सत्य हो । तर प्रदेशमा पनि काण्डैकाण्ड भएका छन् । त्यो काण्ड गर्ने र गराउने को हुन् ? त्यसको पनि पहिचान समय आएपछि हुन्छ । अहिले नयाँ पार्टीले मधेश सरकारको नेतृत्व गर्दैछ । त्यो पार्टीले पनि सुरुमा कुन नारा लगाएको थियो, त्यो नारा कहाँ गयो ? त्यो पार्टीले किसानका लागि आन्दोलन गर्‍यो, त्यो नारा कहाँ गयो ? अहिले प्रदेश सरकारको नेतृत्व नै उहाँहरुले गरिरहनुभएको छ । उहाँहरुको समय पूरा भएपछि त्यसको मूल्यांकन पनि जनताले गर्छन् । अहिले हामी एकजुटताका साथ राज्यसँग लडेर आफ्नो पहिचान र अधिकार लिऔं ।

# उत्पीडित जनताको पक्षमा दृढताका साथ उभिन अन्सारीको निर्देशन



रौतहट । नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीले उत्पीडित जनताका लागि नयाँ राजनीतिक शक्ति निर्माण गर्नुपर्ने बाध्यात्मक अवस्था आइसकेको बताएका छन् ।

रौतहट जिल्लाको कनकपुरमा क्षेत्र नं. ३ को क्षेत्रीय भेलामा सम्बोधन गर्दै अध्यक्ष अन्सारीले नेपाली जनताले कांग्रेस र एमालेहरूको शासन ५० वर्षदेखि भोग्दै आएको र ५० वर्षमा यिनीहरूको शासनमा मुलुकले बेरोजगारी भ्रष्टाचार असमानता बेथिति अन्याय र अत्याचार भोगिरहेको जिकिर गरेका छन् ।

'नेपाली जनताको सपना दिगो शान्ति समानता समाजिक न्याय र सबैको नेपाल बनाउने सपना अधुरो नै रहेको छ,' उनले भने, 'उत्पीडित जनताको नाममा खोलिएका पार्टीहरू र खासगरीकन मधेशी जनताको नाममा खुलेका राजनीतिक दलहरुले पनि पटक-पटक मधेशका जनता र नेपालको उत्पीडित जनतालाई धोका दिइरहेको अवस्था सबैको अगाडि जगजाहेर छ । यस्तो हालतमा यो मुलुकलाई सही दिशा दिनका लागि नेपाली जनताका सबै सपनाहरु साकार गर्नका लागि यो मुलुकमा दिगो शान्ति समृद्धि सुशासन र जनताका चाहना अनुसारको संविधान निर्माण गर्नका लागि हामीले अब उत्पीडित जनताको नयाँ राजनीतिक शक्ति निर्माण गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ ।'

जनताको चाहना सुशासन समानता समाजिक न्याय स्वाधीनता र आत्मनिर्भर नेपालको निर्माण गर्ने सपनालाई साकार गर्नका लागि र देशमा रोजगारको व्यवस्था गर्नका लागि किसानहरूको समस्यालाई समाधान गर्नका लागि महिलाहरूको हक अधिकारलाई सुरक्षित गर्नका लागि या देशको उत्पीडितहरु दलित, मुस्लिम, मधेशी, थारु, आदिवासी जनजाति र निषाद समुदाय लगायत र वर्गीय उत्पीडनमा परेका जनताहरूको सपनालाई पूरा गर्नका लागि अब नेपाल संघीय समाजवादी पार्टीको संगठन जिल्लाका देशका प्रत्येक जिल्लामा नगरमा गाउँमा वार्डमा टोलमा निर्माण गर्नुपर्ने उनले बताए ।

अध्यक्ष अन्सारीले भने, 'अब हाम्रो देशमा पुरानै मानसिकताको आधारमा नयाँ नेपालको निर्माण सम्भव छैन । नयाँ नेपाल र नयाँ मधेशको निर्माण गर्नका लागि अब नयाँ शक्ति, नयाँ पार्टी, नयाँ नेता, नयाँ मोर्चाले मात्रै यो कुराहरु सम्भव देखिएको छ ।

पुरानाहरुलाई हामीले पचासौं वर्ष पटक-पटक सरकारमा पुर्याएर देखिसकेका छौं । त्यसकारणले अब म सम्पूर्ण यो क्षेत्रका पार्टीका पंक्तिका साथीहरुलाई भन्न चाहन्छु कि तपाईहरु अब जनताको पक्षमा लड्न, जनता र शहीदहरूको सपनालाई साकार गर्नका लागि नेपाल संघीय समाजवादी पार्टीको संगठन जनजागरण अभियानलाई तीव्रताका साथ अगाडि बढाउनुस् ।'

जनतामा आइपरेका दैनिक समस्याहरु, उनीहरुमाथि भइरहेको अन्याय, अत्याचार, शोषण र दमन को सामना गर्दै उत्पीडित जनताको पक्षमा दृढताका साथ उभिन र संघर्ष गर्न पनि उनले निर्देशन दिए ।

भेलामा मधेश प्रदेशका पूर्वगृह, कानुन तथा सञ्चारमन्त्री बिमला अन्सारीले मधेश प्रदेशको सरकार मधेशी जनताको चाहना र आवश्यकताअनुसार चल्न नसकेको र मधेश प्रदेश सरकारको असक्षमताको कारणले संघीयता नै बदनाम हुन लागेको बताइन् ।

मधेश सरकारले मधेशभित्र रहेका मुस्लिम, थारु र दलित समुदायलाई बेवास्ता गरेको आरोप लगाउँदै उनले भनिन्, 'मुस्लिम, थारु र दलितहरूलाई मधेशको मूल प्रवाहमा ल्याउनका लागि सरकारले कुनै ठोस योजना बनाइरहेको देखिएन । अहिले मधेश सरकारले खासगरी मुस्लिमहरूलाई शिक्षाको मूलधारमा जोड्नका लागि मदरसा विधेयक पारित गर्नुपर्छ ।'

उनले भनिन्, 'उर्दु विश्वविद्यालयको स्थापना गर्नुपर्ने र मुस्लिमहरूको भाषा उर्दु भाषा र थारु भाषालाई अहिले भाषा विधेयक आउँदाखेरि सरकारले पुरै बेवास्ता गरेर उसले आफ्नो दृष्टिकोण अस्पष्ट पारेको छ कि यो सरकार मुस्लिम दलित र थारु विरोधी सरकार हो ।'

भेलाद्वारा कलिमुल्लाको संयोजकत्वमा १९ सदस्यीय क्षेत्रीय कमिटी क्षेत्र नम्बर ३ को गठन गरिएको छ ।

भेलामा उत्साहजनक सहभागिता देखिएको थियो ।

भेलामा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय सदस्य मैनुद्दिन, शेख नजिबुल्ला, क्षेत्रीय संयोजक कलिमुल्लाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# मुख्यमन्त्री र जनता दल (युनाइटेड) का बिहार प्रदेशका सचिवबीच भेट



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहसँग भारतको बिहार राज्यको सत्तारुढ जनता दल (युनाइटेड) का बिहार प्रदेशका सचिव अजयकुमार कुशवाहाले शुक्रबार शिष्टाचार भेट गरेका छन् । जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सो भेटमा मुख्यमन्त्री सिंह र जनता दल (युनाइटेड) का बिहार प्रदेशका सचिव अजयकुमारबीच धर्मसँस्कृति र पर्यटन प्रवर्द्धनका विषयमा कुराकानी भएको छ ।

मुख्यमन्त्री सिंहले नेपाल र भारतबीच पौराणिक कालदेखि नै नागरिक स्तरमा धार्मिक तथा साँस्कृतिक सम्बन्ध रहेको बताउँदै यसलाई थप सुदृढ एवम् दीर्घकालीक बनाउन दुई देशबीच धार्मिक पर्यटन विकासमा जोड दिनुपर्ने बताए । उनले मधेश प्रदेशमा भारतका भारतका राष्ट्रपति, प्रधानमन्त्री, उत्तरप्रदेशका मुख्यमन्त्रीलगायतका उच्चस्तरीय नेताको भ्रमणबाट जानकीको नगरी जनकपुरधामप्रति भारतका धार्मिक पर्यटकको रुचि बढेको उल्लेख गरे । उनले रामायणमा उल्लिखित जनकपुरधामलगायत स्थलहरूको विकास तथा प्रसार गरी पर्यटनका माध्यमले धार्मिक एवम् नैतिक पथागमनका लागि प्रेरित गर्ने उद्देश्यले ल्याइएको रामायण सर्किट र सीता सर्किटको पूर्णताबाट दुई देशबीचको सम्बन्धमा नयाँ आयाम थपिने बताए ।

मुख्यमन्त्री सिँहले केही दिन आफ्नो अयोध्या भ्रमणको प्रसङ्गबारे चर्चा गर्दै त्यहाँ राम मन्दिरको निर्माण सनातनीहरूका लागि गौरवको विषय भएको बताए । उनले सीताबिना राम अधुरो भएको भन्दै राममन्दिर दर्शन गर्न पुग्नेहरूलाई सीता माताको आशीर्वाद लिन मधेश प्रदेशमा आउन सुझाउनुपर्ने समेत उल्लेख गरे । 'मैले सीमावर्ती भारतीय राज्यका राजनीतिक नेतृत्व र अधिकारीहरूलाई भारतका धर्मस्थलसँग जोडिएका प्रचार सामग्रीमा जनकपुरधाम लगायत नेपालका धार्मिक नगरीका विषयमा उल्लेख गरिदिन आग्रह गरेको छु,' उनले भने । मुख्यमन्त्री सिँहले बिहारमा शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको क्षेत्रमा भएका प्रयास, अभ्यास तथा चुनौतीबाट आर्जित अनुभव साझा हुनुपर्ने भन्दै सीमाञ्चलको संवेदनालाई जोड्न देशपार विवाहको परम्परा र साहित्यले समेत भूमिका निर्वाह गरिरहेको चर्चा गरे । जनता दल (युनाइटेड) का बिहार प्रदेशका सचिव अजयकुमारले नेपालको विकास प्रयासमा भारत सदैव सकारात्मक रहेको भन्दै दुवै छिमेकी देशबीचको सम्बन्ध प्रगाढ बनाउन नागरिक स्तरमा समेत सार्थक संवादले निरन्तरता पाउनुपर्ने बताए । उनले सीमा वारपारका जनताबीच सुखदुख दुवैमा समान अनुभूति गर्ने सम्बन्धलाई थप उचाइमा पुर्याउन धार्मिक, साँस्कृतिक र साहित्यिक साझेदारीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रस्ट पारे ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# मधेश सरकारविरुद्ध राष्ट्रिय एकता अभियानको प्रदर्शन



जनकपुरधाम । मधेश प्रदेश सरकारको असफलता, भ्रष्टाचार र अकर्मण्यताको विरोधमा राष्ट्रिय एकता अभियान, मधेश प्रदेश समितिको अगुवाइमा बिहीबार जनकपुरमा मसाल जुलुस प्रदर्शन गरिएको छ ।

राष्ट्रिय एकता अभियानका नेता मनीष पुर्वे, अक्षय यादव, पंकज झा लगायतका अगुवाहरूको नेतृत्वमा निकालिएको उक्त मसाल जुलुसले प्रदेश सरकार र प्रदेश सभालाई खबरदारी गर्दै सरकारको गैरजिम्मेवारीपूर्ण रवैयाको विरोध गरेको छ ।

भानु चौकबाट सुरु भएको जुलुसले जनकपुरको प्रमुख सडक परिक्रमा गर्दै जनकचौकमा पुगेर कोणसभा आयोजना गरेको थियो ।

प्रदर्शनकारीहरूले “बजट खा गेलहु, विकास कतय ? जनता पूछै हिसाब !', “भ्रष्टाचार करै सरकार, मधेशी जनता करै ललकार !', “हमर कर, हमर अधिकार - मधेश के विकास कर सरकार !”, “शासन नै, सुशासन चाही - मधेशी जनता के सम्मान चाही !” र “भ्रष्ट सरकार हटाउ, मधेश बचाउ !” जस्ता नारासहित सरकारको उदासीनताविरुद्ध आवाज उठाए ।

जुलुसमा सहभागीहरूले मधेश प्रदेश सरकारको अकर्मण्यता, जनताको करबाट उठेको बजेटको दुरुपयोग, भ्रष्टाचार र विकास निर्माणको ढिलासुस्तीलाई प्रमुख मुद्दाका रूपमा उठाएका थिए ।

राष्ट्रिय एकता अभियान, मधेश प्रदेश समितिको नाममा प्रकाशित पर्चामा उल्लेख गरिएअनुसार प्रदेश सरकार पटक-पटक असफल हुँदै आएको छ। प्रत्येक वर्ष अरबौंको बजेट पाउने भए पनि विकासका क्षेत्रमा कुनै उल्लेखनीय सुधार नभएको जनाउँदै यस आर्थिक वर्षमा झन् खराब अवस्था देखिएको दाबी गरिएको छ। पर्चामा उल्लेख भएअनुसार हालसम्म मधेश प्रदेश सरकारले जम्मा ५.६१% मात्र बजेट खर्च गरेको छ, जुन अत्यन्त निराशाजनक तथ्याङ्क हो। यसअघि उपेन्द्र यादव नेतृत्वको जसपा सरकारले पनि २०७४-७५ को बजेटमध्ये मात्र ५२% खर्च गर्न सकेको थियो, तर अवस्था सुधार हुने साटो झन् बिग्रँदै गएको जनाइएको छ। प्रदेश सरकारले बजेट खर्च गर्न नसक्नुको प्रमुख कारण भ्रष्टाचार, अयोग्य नेतृत्व र गैरजिम्मेवार सरकार भएको आन्दोलनकारीहरूको भनाइ थियो।

प्रदर्शनमा सहभागीहरूले मधेशका सडक, अस्पताल, विद्यालय तथा रोजगारीको दयनीय स्थितिबारे आवाज उठाए। उनीहरूका अनुसार प्रदेश सरकारका मन्त्रीहरू, नेताहरू र उच्च पदस्थ कर्मचारीहरू विलासितामा रमाइरहेका छन्, तर जनताले आधारभूत सुविधा समेत पाउन सकेका छैनन्। सरकारी गाडी चढ्ने, विदेश भ्रमण गर्ने, महँगा ठेक्कापट्टा बाँड्ने सरकारका अधिकारीहरू जनताको पीडा हेर्ने इच्छासम्म नराखेको प्रदर्शनकारीहरूको आरोप छ। मधेशका नेताहरू सधैं जात, भाषा, संस्कृति र पहिचानको राजनीति गरेर जनतालाई भावनात्मक रूपमा बहकाउने तर वास्तविक विकासका मुद्दाहरू ओझेलमा पार्ने गरेको भन्दै उनीहरूले अब चुप लागेर नबस्ने चेतावनी दिएका छन्।

पर्चामा प्रदेश सरकारले बजेट किन खर्च गर्न नसकेको, मधेशका नेताहरू किन करोडपति बन्दै गएको, जनताको नाममा आउने विकास बजेट कहाँ गएको, रोजगारीका अवसर किन सिर्जना नभएको र स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण किन ठप्प रहेकोजस्ता प्रश्न उठाइएको छ। आन्दोलनकारीहरूले यिनै विषयलाई प्रमुख समस्याका रूपमा उठाउँदै भ्रष्टाचार, बजेट दुरुपयोग, राजनीतिक अस्थिरता, रोजगारीको अभाव, स्वास्थ्य र शिक्षा संकट तथा अधुरा विकास योजनाहरूलाई मधेशको दुर्दशाका कारण बताएका छन्। उनीहरूले प्रदेश सरकारलाई पारदर्शिता अपनाउन, भ्रष्टाचारमा संलग्न जो-कोहीलाई कानुनी कारबाही गर्न, रोजगारी सिर्जना गर्न, स्वास्थ्य र शिक्षामा सुधार ल्याउन तथा अधुरा विकास योजनाहरू छिटो सम्पन्न गर्न दबाब दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

राष्ट्रिय एकता अभियानका नेताहरूले अब मौन बस्ने समय सकिएको बताउँदै जनताले सरकारलाई सोधपुछ गर्नुपर्ने बेला आएको बताएका छन्। उनीहरूले प्रत्येक रुपैयाँको हिसाब सार्वजनिक गर्न, भ्रष्टाचार गर्नेहरूलाई कानुनी दायरामा ल्याउन, युवाहरूका लागि रोजगारी सिर्जना गर्न, विकास योजनाहरूलाई व्यवहारिक रूपमा अघि बढाउन तथा अधिकारका लागि सशक्त आन्दोलन गर्न आह्वान गरेका छन्। “अब समय आएको छ भ्रष्टाचारविरुद्ध, अकर्मण्यताविरुद्ध, लापरबाहीविरुद्ध आवाज उठाउने! अब मधेश लुट्न पाइँदैन! अब मधेशी जनता चुप बस्दैन!“ भन्दै प्रदर्शनकारीहरूले सरकारलाई खबरदारी गरेका छन्।

मसाल जुलुस शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि यसले मधेश प्रदेश सरकारमाथि चर्को दबाब सिर्जना गरेको छ। यदि सरकार अझै पनि यथास्थितिमा रहने हो भने आगामी दिनमा आन्दोलनलाई थप कडा बनाइने चेतावनी दिइएको छ। “अब मधेश बचाउनु छ! सुशासन ल्याउनु छ!“ भन्ने मूल नारासहित आन्दोलनकारीहरूले सरकारलाई चेतावनी दिएका छन् कि जनताको सहनशीलता समाप्त हुँदै गएको छ, र अब उनीहरू अधिकारका लागि सडकमा उत्रिन बाध्य हुनेछन्।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

**धनुषा, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**

**महोत्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

**सर्लाही, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**

**महोत्तरी, मधेश प्रदेश**



# मलंगवामा प्रथम बज्जिका महोत्सव आयोजना हुने



सर्लाही । सदरमुकाम मलंगवा नगरपालिकाले पहिलो पटक बज्जिका महोत्सव २०८१ को आयोजना गर्ने भएको छ । नगरपालिकाको स्थापना दिवसको अवसर पारेर स्थानिय भाषालाई प्रबर्द्धन गर्ने उद्देश्यसहित आगामी फागुन १७ आयोजना गर्न लागिएको यो महोत्सवले स्थानीय मातृभाषा बज्जिकाको प्रवर्द्धनमा महत्वपूर्ण भुमिका खेल्ने विश्वास गरिएको छ।

महोत्सवको आयोजना मलंगवा नगरपालिकाले बज्जिका साहित्य समाज सर्लाहीसँगको सहकार्यमा गर्ने भएको हो।

बज्जिका महोत्सव आयोजना हुने खबरले स्थानीय साहित्यकार, भाषासेवी तथा सञ्चारकर्मीहरूमा उत्साह बढाएको छ। कार्यक्रमले बज्जिका भाषा र संस्कृतिलाई नयाँ पहिचान दिने विश्वास गरिएको छ। नगर प्रमुख नागेन्द्र प्रसाद यादवको नेतृत्वमा ऐतिहासिक रूपमा बज्जिका महोत्सव आयोजना गरिन लागेकाले बज्जिका भाषा, साहित्य र संस्कृति जगेर्नामा यो कोशेढुंगा सावित हुने विश्वास गरिएको छ।

बज्जिका साहित्य समाजका अध्यक्ष रामचन्द्र कुशवाहाले यो महोत्सव बज्जिका भाषाको इतिहासमा ऐतिहासिक दिनका रूपमा अंकित हुने बताएका छन्।

महोत्सव सफल बनाउन कार्यदल र सल्लाहकार समिति गठन भइसकेको बज्जिका साहित्य समाजका सचिव तथा साहित्यकार मुकेश मिश्रले बताए ।

कार्यदलको संयोजकमा बज्जिका साहित्य समाजका संस्थापक अध्यक्ष रामचन्द्र महतो कुशवाहा चयन भएकोछ भने सदस्य सचिवमा नगरपालिकाका फोकल पर्सन मुकेशकुमार मिश्र ,सदस्यमा नगरपालिकाका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका नगिना राय, सदस्यमा पूर्व प्रधानाध्यापक जयरुद्र मिश्र, सदस्यमा नेपाल सरकारका पूर्व अधिकृत सुरेन्द्रलाल कर्ण, सदस्यमा बज्जिका साहित्य समाजका सहसचिव विनिता साह, सदस्यमा वर्षा एफएमका सञ्चारकर्मी कृष्णा सिंह र सदस्यमा बज्जिका साहित्य समाजका उपाध्यक्ष शैलियादेवी ठाकुर रहेका छन् ।

सल्लाहकार समितिको संयोजकमा मलंगवा नगरपालिकाका नगर प्रमुख नागेन्द्रप्रसाद यादव रहेका छन्।

समितिमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदी, कवि राजेन्द्र ठाकुर, स्वास्थ्य संयोजक सलिम मिकरानी र सञ्चारकर्मी मनोज यादव सदस्य रहेका छन् ।

# प्रादेशिक अस्पताल गौर ७७ बाट देशकै टपटेनमा




राकेश यादव, रौतहट । जिल्लाको सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पताल पहिलो पटक ७७ औ स्थानबाट उक्लिएर देशकै टपटेनमा पर्न सफल भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतका एमएसएस न्यूनतम् सेवा मापदण्ड शाखाले गरेको स्कोरिंगमा प्रादेशिक अस्पताल गौर देशको १०औं तथा मधेश प्रदेशको पहिलो नम्बरमा स्थान हासिल गर्न सफल भएको हो ।

प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरीटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले देशभरिमा रहेका ५० शैय्याको अस्पतालमा स्कोरिंगमा प्रादेशिक अस्पताल गौर ७७औं स्थानबाट टप १० मा पर्न सफल भएको बताएका छन् । गएको वर्ष दोस्रो स्थानमा रहेको प्रादेशिक अस्पताल गौर यस वर्ष पहिलो नम्बरमा परेकोमा आफु निकै हर्षित भएको बताए ।

प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष मो. अनवर हासमीको प्रयास, कर्मचारीहरुको मिहिनेतले यो स्थान प्राप्त गर्न सफल भएको उनको भनाइ रहेको छ । दुई दिनको छड्के अनुगमन निरीक्षणको क्रममा ८९ प्रतिशत मार्क आएको उनले बताए ।

७ सयभन्दा बढी इन्डिकेटर पूरा गर्नुपर्ने हुन्छ भन्दै हामीले ९० भन्दा बढी अंक ल्याउने लक्ष्य राखेका थिए तर केहि समस्याको कारण अंकमा कमी आएको सुनाए । देशभरिमा पहिलो स्थानमा भक्तपुर अस्पताल ९८ प्रतिशत अंक प्राप्त गरेर पहिलो स्थानमा रहेका छन् । दोश्रो स्थानमा बर्दिया अस्पताल ९७ प्रतिशत, कपिलबस्तु अस्पताल ९४ प्रतिशत, धादिङ अस्पताल ९४ प्रतिशत अंक प्राप्त गरेर चौथो स्थानमा रहेको छ । पाँचौ स्थानमा भीम अस्पताल ९४ प्रतिशत, छैठौं स्थानमा गुल्मी अस्पताल ९१ प्रतिशत, सातौंमा उदयपुर अस्पताल ९० प्रतिशत, आठौंमा पृथ्वीचन्द्र अस्पताल ९० प्रतिशत, नवौ स्थानमा अर्घाखाँची अस्तपाल ९० प्रतिशत तथा दशौं स्थानमा ८९ प्रतिशत अंकका साथ प्रादेशिक अस्पताल गौर रहेको छ ।

एमएसएस शाखाले सरकारी, क्लिनिकल र सहयोगी भनी तीन किसिमका सेवाको मापदण्ड अनुसार स्कोरिंग गर्ने गरेको मेसु ठाकुर बताए । अस्पतालमा बिरामीहरुको लागि सेवा प्रवाह, उपकरण, सरसफाई, बस्ने व्यवस्था, एम्बुलेंस, कार्यालय प्रमुख स्तरीय निर्णय, व्यवस्थापन, स्टोरको भण्डारण सहितको विभिन्न इन्डिकेटरहरुको अनुगमन गर्दै मार्क दिने गरिन्छ ।

अस्पताल विकास समितिका अध्यक्ष हासमीले प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रादेशिक अस्पताल गौरसँग विभेद गरेको आरोप समेत लगाएका छन् ।

सिटी स्क्यान मेसिन उपलब्ध गराउन पटक-पटक आग्रह गर्दा पनि मन्त्रीले कुनै वास्ता नगरेको दुखेसो पोखेका छन् । मन्त्रालयले बजेट विनियोजन गरेपनि प्रादेशिक अस्पताल गौरलाई समयमा बजेट नदिदा कार्य गर्न समस्या हुने गरेको भनाइ उनको रहेको छ । पहिलाको तुलनामा प्रादेशिक अस्पतालको व्यवस्थापनमा निकै सुधार आएको स्थानीयहरुले बताएका छन् ।

# विद्यार्थीहरुद्वारा खाना महोत्सव आयोजना



कपिलवस्तु । सिद्धार्थ विद्या मन्दिर बोर्डिङ स्कुल तौलिहवामा अध्ययनरत विद्यार्थीहरुले पढाईसँगै व्यावहारिक ज्ञान र सिप बढाउन शुक्रबार विद्यालय परिसरमा खाना महोत्सव गरेका छन् । पढ्न, लेख्न र खेलेर रमाउने उनीहरुले विद्यालयमा खानाका विभिन्न परिकार बनाई महोत्सव गरेका हुन् । विद्यालयमा यस्तो खाना महोत्सव गरेको तेश्रो वर्ष हो । महोत्सवअन्तर्गत बोडिङमा कक्षा ६ देखि ९ सम्म अध्ययनरत विद्यार्थीहरुले खानाको विभिन्न परिकार बनाई प्रर्दशन गरेका छन् ।

महोत्सवमा ८ समूहले विभिन्न खानाका परिकार बनाई प्रदर्शन समेत गरेका थिए । बोडिङ स्कुलका प्राचार्य विकास अर्यालले बिद्याथीहरुलाई सिप, सामुहिकता र व्यवस्थापनको ज्ञान दिन यो कार्यक्रम गरिएको बताए । उनले घरमा आफ्ना आमा बुवालाई समेत सघाउने गरी पाक शिक्षा तर्फ समेत अग्रसर रहन यो कार्यक्रमले भुमिका खेल्ने बताए । पढाईसँगै अतिरिक्त क्रियाकलापअन्तर्गत खाना महोत्सव गरिएको विद्यालयका संचालक तुलसा गैरले बताइन् । ८ समुहले हिमाल, पहाड र ताराईका विभिन्न परिकारहरु बनाएका थिए । मुस्लिमको सेवाई, थारुको ढेकरी, फारा, नेवारको चुकौनी र यमरी, तराईको छोले भटुरे, रिकजच, पहाडको कोदो रोटी, बटुक लगातयका परिकार विद्यार्थीहरुले पकाएका थिए ।

पुलाउ, पनिरको तरकारी, पुरी, सल्लाद, भात, खिर, पापड, लालमोहन लगायतका परिकारहरु पकाएर प्रर्दशन गरेका थिए । उनीहरुले आवश्यक पर्ने भाडा कुडा, सामग्रीहरु आफै व्यवस्थापन गरेका थिए । समुह मिलेर विभिन्न परिकारहरु पकाएर अतिथि, विद्यालयका शिक्षकहरुलाई परिकारका स्वाद समेत चखाएका थिए । पाहुनाहरुले खाएपछि आफूले समेत खाएका थिए । कार्यक्रममा विद्यार्थीहरुको उत्साहजनक सहभागिता थियो । कार्यक्रममा सहभागी हुन पाउँदा विद्यार्थीहरु निकै खुशी देखिन्थे । कार्यक्रममा कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडल, नगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत पुनाराम पौडेल, बरिष्ठ साहित्यकार हरिराज शर्मा, पार्वती शर्मा, विद्यालयका संचालक टीकाराम अर्याल लगायतको सहभागिता थियो । टोलीले विद्यार्थीहरुले बनाएका खानाका परिकारहरु अवलोकन परिकारको स्वाद लिएका थिए । मेयर पौडेलले विद्यार्थीहरुको यो प्रयास अति राम्रो रहेको बताए । 'विद्यार्थीहरुले सबै परिकारहरु मिठो बनाएका छन्, खाँदा आनन्द आयो' उनले भने ।

सबै विद्यालयहरुको यस्ता रचनात्मक र व्यवहारिक कुरा विद्यार्थीहरुलाई सिकाउनु पर्ने उनले बताए । प्रमुख प्रशकीय अधिकृत पौडेलले बिद्यार्थीहरुको बनाएको खाना निकै स्वादिलो रहेको बताए । उनले हिमाल पहाड र तराईका परिकारहरुको स्वाद लिन पाउदा मन आन्दीत भएको उनले बताए । बिजयी हुने टोलीलाई बिद्यालयले बार्षिक उत्सवमा पुरस्कुत समेत गरिने छ ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



## विश्व परिवेश

# नयाँदिल्लीको मुख्यमन्त्री रेखा गुप्ताद्वारा शपथ ग्रहण

नयाँदिल्ली । भारतीय जनता पार्टी (भाजपा) विधायक रेखा गुप्ताले नयाँदिल्लीको मुख्यमन्त्रीको रूपमा बिहीबार शपथ लिएकी छन् ।

दिल्लीको रामलीला मैदानमा आयोजित शपथ ग्रहण समारोहमा दिल्लीका उपराज्यपाल विनयकुमार सक्सेनाले गुप्तालाई पद तथा गोपनियताको शपथ गराएका हुन् ।

शपथ ग्रहण कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीबाहेक भाजपाका नेताहरूको सहभागिता रहेको थियो ।

बुधबार साँझ बसेको दिल्लीको भाजपा संसदीय दलको बैठकले गुप्तालाई मुख्यमन्त्री बनाउने निर्णय गरेको थियो ।



दिल्लीको सत्तामा भाजपा २७ वर्षपछि पुनरागमन गरेको हो ।

गुप्ता सहित प्रवेश बर्मा, शिखा राय, विजेन्द्र गुप्ता, आशिष सुद, सतिश उपाध्याय लगायत मुख्यमन्त्रीको आकांक्षी थिए ।

गुप्ता शालिमारबागबाट निर्वाचित भएकी थिइन् । उनी यसअघि दिल्ली नगर निगमको मेयर समेत भइसकेकी थिइन् । उनी भाजपा दिल्लीकी महासचिव र महिला मोर्चाको उपाध्यक्ष पनि हुन् ।

# मौलापुरमा भेटियो गुप्तकालको अर्को पुरानो मन्दिर

रौतहट । रौतहटको मौलापुर नगरपालिका पतौरामा गुप्तकालिन ऐतिहासिक अर्को मन्दिर फेला परेको छ । पतौरामा यस अघि नै कर्नाटककालको शिवमन्दिरको अवशेषहरु फेला परेको थियो । जहाँ अहिले प्रत्येक बर्ष महाशिवरात्रीमा मेला लाग्ने गरेको छ ।

मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहले फेरी अर्को गुप्तकालिन मन्दिर फेला परेको जनाएकी छन् । पुरातात्विक विभागको उत्खनन पश्चात गुप्तकालिन मन्दिर फेला परेको पुरातात्विक विज्ञले जनाएका छन् ।



'पुजा भईरहेको ठाउँमा भेटिएको मन्दिर कर्नाटककालको हो । उत्खननको क्रममा भेटिएको अर्को मन्दिर गुप्तकालको हो । पुरातात्विक विभागले उत्खनन कहिले गर्ने र छोड्ने कामले कतिपय बस्तुहरु नष्ट भईरहेका छन्', मेयर साहले भनिन्, 'उत्खनन गरी परिक्षणका लागि लागि चार बर्ष अघि यहाँबाट लगिएको बस्तुहरु पुरातात्विक विभागले अझै सार्वजनिक गरेको छैन्, कतिपय बस्तुहरु त नष्ट हुनसक्ने भएकाले त्यसलाई परिक्षण पश्चात सार्वजनिक गर्नुपर्ने हाम्रो माग हो । सरकारले पनि यसको संरक्षण र प्रवर्द्धनमा ध्यान दिन आवश्यक छ ।'

पतौरामा पुरातात्विक विभागले उत्खनन जारी नै राखेको छ । तर मनलागेको बेलामा उत्खनन गर्ने र छोड्ने कामले कतिपय बस्तुहरु नष्ट हुन सक्ने भएकाले त्यसलाई निरन्तरता दिनुपर्ने माग मेयर साहको रहेको छ ।

मौलापुर नगरपालिका पतौरा स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गराउने संकल्प सहित नगरपालिकाले प्रत्येक बर्ष मधानी महायज्ञ गर्दै आएको छ । यस बर्ष समेत नगरपालिकाको आयोजनामा मधानी महायज्ञ आउँदो ११ फागुनदेखी सुरु हुदैछ ।

मधानी महायज्ञ प्राचिन यज्ञ भएको र यहाँ ब्राह्मण बिना नै मन्त्रको जप हुने गरेको छ । ११ फागुनमा उदघाटन समारोह, १२ फागुनमा शिव वारात यात्रा, १३ गते मधानी विशेष पुजा समारोह, १४ गते मधानी विशेष सांस्कृतिक समारोह र १५ गते मधानी विशेष दंगल कार्यक्रम रहेको छ ।

'हामीले सक्दो प्रयास जारी राखेका छौं । यहाँको पर्यटन प्रबर्द्धनमा काम भईरहेको छ । बिश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि हाम्रो बलबुता लगाईरहेका छौं । तर केन्द्रले ध्यान नदिएपछि ओझेलमा परेको छ', मेयर साहले भनिन् । उनले सरकारसंग यहाँको पर्यटन प्रवर्द्धनका साथै संरक्षणको क्षेत्रमा पहल गर्दै यसलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि माग समेत गरिन् ।

अहिले जतिपनि उत्खनन भईरहेका छन् त्यस मध्ये पतौराको सबैभन्दा पुरानो भएको बताउदै उनले गुप्तकालिन ति सम्पदाको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी सरकारको भएको बताईन् ।




## जिल्ला समाचार

### स्थायी सरकारकै लागि दुई ठूला दलबीच सत्ता सहकार्य : ज्ञवाली

सप्तरी । नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले स्थायी सरकारकै लागि दुई ठूला दल नेपाली कांग्रेस र एमालेबीच सत्ता सहकार्य भएको बताएका छन् । प्रेस चौतारी, सप्तरीले शनिबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै उनले देश विकास र समृद्ध नेपाल निर्माणसहित मुलुकको अर्थतन्त्र सुधारका लागि स्थायी प्रकृतिको सरकार बनाइएको बताएका हुन् । "यो सरकार बनेपछि निजी क्षेत्र उत्साहित देखिएको छ । देशमा देखिएका समस्या समाधान र समृद्ध नेपाल निर्माणका लागि यो सरकार अगाडि बढिरहेको छ । अब दुई छिमेकी मुलुकले गरिरहेको विकासबाट कसरी लाभान्वित हुने र आन्तरिक स्रोतको अधिकतम प्रयोगका सवालमा समन्वय र सहकार्य गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ", ज्ञवालीले भने । उनले मुलुकले विकास र समृद्धकै लागि सरकारले अध्यादेश ल्याएकाले ती दुवै सदनबाट पारित हुने विश्वास व्यक्त गरे ।

### फोनिज सप्तरी अध्यक्षमा कृष्ण चयन

राजविराज । नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) सप्तरीको पाँचौं जिल्ला अधिवेशनबाट कृष्ण कुमार मण्डलके अध्यक्षतामा १३ सदस्यीय जिल्ला समिति गठन भएको छ । समितिको उपाध्यक्षमा रामप्रसाद चौधरी थारु, सचिवमा रामनाथ चौधरी थारु, सह-सचिवमा कमल प्रसाद मण्डल र कोषाध्यक्षमा जयन्ती सिंह दनुवार चयन भएका छन् । यसैगरी, समितिको सदस्यहरूमा भद्र कुमारी लामा तामाङ, चन्द्र बहादुर तामाङ, पूर्ण मगर, करुणा राई, रामसेवक मण्डल, मिलन लेखी थारु, दिपक सिंह दनुवार र सरोज राना मगर रहेका छन् । अधिवेशनले प्रिया सिंह थारु, बृजमान तामाङ र जितेन्द्र कुमार चौधरीलाई प्रदेश प्रतिनिधि चयन गरेको छ भने केन्द्रीय प्रतिनिधिमा डम्बर राईलाई चयन गरेको छ ।

### युवा संघ नेता अभियानमा प्रवेश

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) निकट समाजवादी युवा संघ जनकपुरका नेता अक्षय यादवले पार्टी परित्याग गर्दै राष्ट्रिय एकता अभियानमा प्रवेश गरेका छन्। अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले एक विशेष कार्यक्रमका बीच उनलाई स्वागत गरेका हुन्। अभियानमा प्रवेश गरेपछि यादवले संघीय हिन्दू गणतन्त्र नै वर्तमान नेपालको आवश्यकता भएको बताए। उनले भने, "देशको स्थायित्व, विकास र राष्ट्रिय एकताको लागि संघीय हिन्दू गणतन्त्र अपरिहार्य छ।" नवप्रवेशी यादवलाई स्वागत गर्दै अध्यक्ष विनय यादवले राष्ट्रिय एकता अभियान राष्ट्रको सार्वभौमिकता र धार्मिक पहिचानको रक्षा गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा अभियानका अन्य नेता तथा कार्यकर्ताको पनि उपस्थिति रहेको थियो। यस कदमले प्रदेश २ को राजनीतिक परिदृश्यमा नयाँ तरंग ल्याउने विश्वास गरिएको छ ।

### मौलिक पहिचान मेट्ने नामकरण हटाउन माग

बारा । राष्ट्रिय एकता अभियान, बाराले हालै बारा जिल्लाका केही स्थानहरूको नाम विदेशी शब्दहरूमा परिवर्तन गरिएको भन्दै गम्भीर आपत्ति जनाएको छ । संगठनले प्रमुख जिल्ला अधिकारी वसंत अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै मौलिक पहिचान मेट्ने नामकरण हटाउन आग्रह गरेको छ । संगठनका केन्द्रीय अध्यक्ष विनय यादवका अनुसार फेटा गाउँपालिका अन्तर्गतको फेटा बजारस्थित "मुस्तफा चौक" र कोलबी नगरपालिका-७ धोधरपा गाउँस्थित "अंसारी चौक" जस्ता नामकरणहरू नेपालको मौलिक परम्परासँग मेल नखाने भएकाले खारेज गरिनुपर्छ। ज्ञापनपत्रमा नेपालका ऐतिहासिक स्थानहरूको मौलिकता जोगाउन प्रशासनले कडा अनुगमन गर्नुपर्ने र यस्ता गतिविधि पुन: नदोहोऱ्याउने दीर्घकालीन नीति निर्माण गर्नुपर्ने माग गरिएको छ। नेपाल बहुसांस्कृतिक राष्ट्र भए पनि बाह्य प्रभावका कारण मूल पहिचान मेट्ने कार्य अस्वीकार्य हुने संगठनको भनाइ छ । राष्ट्रिय एकता अभियानले नेपाल सरकार तथा स्थानीय प्रशासनसँग शीघ्र आवश्यक निर्णय तथा उचित कारबाहीको माग गर्दै नेपालको सांस्कृतिक पहिचान बचाउन यो कदम आवश्यक रहेको उल्लेख गरेको छ। अध्यक्ष यादवका साथ अभियानका संरक्षक सेवक सौरभनाथ बाबा, बारा, पर्सा प्रभारी राजेश यादव लगायतको टोली प्रमुख जिल्ला अधिकारीको कार्यक्ष पुगी ज्ञापन पत्र बिझाएको छ ।

### अग्निपीडित परिवारलाई जस्तापत्ता सहयोग

राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ५ पताहीमा आगलागी पीडित परिवारलाई अस्थायी घर बनाउनका लागि जस्तापत्ता वितरण गरिएको छ । असल छिमेकी नेपाल कास्कीले अग्निपीडित परिवारलाई २४ थान जगदम्बा कम्पनीको जस्तापता सहयोग गरेका हो । पीडित परिवारलाई खाद्यान्न सामग्री सहयोग गरेका असल हिमकी नेपालले पीडितहरुले बसोवास गर्नका लागि सहयोग गर्नुपर्ने गरेको आग्रह अनुसार सोमबार जस्तापत्ता र फलामको किल्ला सहितका सामग्री हस्तान्तरण गरेका छ । राजदेवी नगरपालिकाका नगर उपप्रमुख राजकुमारी देवी साह, प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले पीडित परिवारलाई उक्त सामग्री हस्तान्तरण गरेको सहयोगी सस्थाले जनाएको छ । गएको पुष १४ गते राति करीव १ बजेको समयमा भएको आगलगीमा पासवान टोलका ८ जनाको घर जलेर नस्ट भएको थियो । घर जलेका स्थानीय बाबूलाल पासवान, जगरनाथ पासवान, कान्ति देवी, दीपेन्द्र पासवान, सोगारथ पासवान, प्रदीप पासवान, नागेन्द्र पासवान रहेका छन् ।

### किशोरीलाई बलात्कार गरेको आरोपमा पक्राउ

बाँके । जिल्लाको नरैनापुरमा १५ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जना युवकलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भगवानपुरले नरैनापुर गाउँपालिका-५ सर्वराजपुर्वाकी एक किशोरीलाई बलात्कार गरेको आरोपमा ३६ वर्षीय युवक जगबहादुर तेलीलाई पक्राउ गरेको हो । शनिबार साँझ साढे ६ बजेको समयमा ती किशोरीमाथि बलात्कार भएको जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय भगवानपुरको टोलीले तेलीलाई तत्कालै नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

### ट्रकले मोटरसाइकललाई ठक्कर दिंदा एकको मृत्यु

बारा । जीतपुरसिमरा उपमहानगरपालिका-२ स्थित सडकमा पथलैयाबाट वीरगंजतर्फ जाँदै गरेको ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । ना.६ ख २८९५ नम्बरको ट्रकले ना.४० प ४१९५ नम्बरको मोटरसाइकललाई आइतबार दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा सवार सोही उपमहानगरपालिका-१ बस्ने ३० वर्षीय उदित नारायण झा को मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको एलएस न्यूरो अस्पताल परवानीपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# भारतको आर्थिक सहयोगमा उदयपुरमा निर्मित विद्यालय भवन उद्घाटन




काठमाडौं । उदयपुर जिल्लाको सामुदायिक विद्यालयमा भारत सरकारको आर्थिक सहयोगमा निर्मित विद्यालय भवन उद्घाटन गरिएको छ ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.३.७९९ करोडको परियोजना लागतमा निर्मित उदयपुर जिल्लास्थित श्री जनता बेलका माध्यमिक विद्यालयको विद्यालय भवनको प्रतिनिधि सभाका सांसद डा. नारायण खड्का, काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तव र उदयपुरस्थित बेलका नगरपालिकाका मेयर अशोक कार्कीले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी र सामाजिक कार्यकर्ताहरूको पनि उपस्थिति थियो ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गतको भारत सरकारको अनुदान विद्यालय भवन र अन्य सम्बद्ध सुविधाहरूको निर्माणमा प्रयोग गरिएको थियो ।

यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को रूपमा लिइएको थियो र उदयपुरको बेलका नगरपालिका मार्फत कार्यान्वयन गरिएको थियो ।

श्री जनता बेलका माध्यमिक विद्यालय बेलका नगरपालिकाको पुरन्दहमा रहेको एक मात्र माध्यमिक विद्यालय हो । यो सन् १९६२ मा प्राथमिक विद्यालयको रूपमा स्थापित भएको थियो र पछि सन् १९७६ मा निम्न माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरिएको थियो । सन् २००८ मा यसलाई उच्च माध्यमिक विद्यालयमा थप स्तरोन्नति गरिएको थियो । यस विद्यालयमा लगभग ५०० विद्यार्थीहरू रहेका छन्, जसमध्ये ५५% छात्राहरू छन् ।

काठमाडौंस्थित भारतीय दूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रम अन्तर्गतको श्री जनता बेलका माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण कसरी भारत र नेपाल बीचको बलियो र जीवन्त विकास साझेदारीको उत्कृष्ट उदाहरण हो भन्ने कुरामा प्रकाश पारे ।

उनले वर्षौंदेखि रहिआएको यस साझेदारीको वृद्धि, विस्तार र विविधीकरणमा खुशी व्यक्त गर्नुभयो । वहाँले नेपाल सरकारको प्राथमिकतामा आधारित यो साझेदारीलाई थप सुदृढ पार्न भारत सरकारको प्रतिबद्धता पनि व्यक्त गरे ।

प्रतिनिधि सभाका सदस्य, उदयपुरस्थित बेलका नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापनका अध्यक्ष र अन्य सरोकारवालाहरूले नेपालका जनताको लागि भारत सरकारले गरेको विकास सहयोगको प्रशंसा गरे ।

उनीहरूले निर्माण गरिएको पूर्वाधारले उदयपुरको श्री जनता बेलका माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई राम्रो शिक्षा प्रदान गर्न उपयोगी हुने विश्वास व्यक्त गरे । यसले सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्नुका साथै नेपालको पूर्वी क्षेत्रमा शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन पनि मद्दत गर्नेछ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# ऊर्जामन्त्री खड्का र भारतीय राजदूत श्रीवास्तवबीच भेटवार्ता



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच शिष्टाचार भेटवार्ता भएको छ ।

शुक्रबार सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा भएको भेटमा नेपाल-भारत ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो ।

भेटमा ऊर्जा मन्त्री खड्काले नेपाल-भारत विद्युत् व्यापार सम्झौता कार्यान्वयन गर्न गठित संयन्त्रहरूबाट विद्युत् व्यापार, थप प्रसारण लाइन निर्माण र भारतीय लगानीका जलविद्युत् आयोजनाहरूको विषयमा भएको उपलब्धीका लागि भारत सरकारलाई धन्यवाद दिए ।

बैठकमा पञ्चेश्वर बहुउदेश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) चाँडो टुङ्याउनेबारे छलफल भएको थियो । यस्तै, भारतका विद्युतमन्त्री मनोहरलाल खट्टरको आसन्न नेपाल भ्रमणको विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

भेटमा नेपालका लागि भारतका राजदूत श्रीवास्तवले भारतीय लगानीमा नेपालमा निर्माण भइरहेको आयोजनालाई अगाडि बढाउनका लागि आवश्यक सहजीकरण गर्न मन्त्रीसमक्ष आग्रह गरे । उहाँले विद्युत् व्यापार, थप प्रसारण लाइनको विकास, हरित हाइड्रोजन उत्पादनमा भारतको सधैँ साथ र सहयोग रहेको बताए ।

# प्रकृति लम्साल मृत्यु घटनाबारे दूतावासको सक्रियता

काठमाडौं । नेपाली विद्यार्थी प्रकृति लम्सालको दुखद मृत्यु र सम्बन्धित घटनाक्रमको सम्बन्धमा काठमाडौंस्थित भारतीय दूतावासले ओडिशा सरकारका अधिकारीहरू र कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) सँग निरन्तर सम्पर्क गरिरहेको छ । ओडिशा राज्य सरकारले यस विषयमा जानकारी लिएको छ र यसमा संलग्न सुरक्षा गार्डहरूलाई पक्राउ गर्न र गल्ती गर्ने अधिकारीहरूलाई निलम्बन गर्न कदम चालेको छ। भुवनेश्वरको प्रहरी आयुक्तालयले अभियुक्त विद्यार्थी विरुद्ध फौजदारी मुद्दा दर्ता गरिएको र उनलाई पक्राउ गरी न्यायिक हिरासतमा पठाइएको जानकारी दिएको छ। ओडिशा प्रहरीले यस मुद्दामा वस्तुनिष्ठ, निष्पक्ष र न्यायपूर्ण अनुसन्धानको आश्वासन दिएको छ। ओडिशा प्रहरीले केआईआईटी सुरक्षाकर्मीहरूले विद्यार्थीहरूमाथि गरेको दुर्व्यवहारको बारेमा ध्यान दिनुका साथै उनीहरूमाथि फौजदारी मुद्दा दर्ता गरेको छ।

ओडिशा राज्य सरकारले केआईआईटीलाई सूचनामा राखेको छ र गृह विभागका अतिरिक्त मुख्य सचिवको नेतृत्वमा उच्चस्तरीय तथ्य खोजी समिति गठन गरेको छ। उच्चस्तरीय समितिको निष्कर्षको आधारमा उपयुक्त कानुनी र प्रशासनिक कारबाही गरिनेछ। विद्यार्थीहरू विरुद्ध भएको दुर्व्यवहारको रिपोर्टको पनि अनुसन्धान भइरहेको छ र जिम्मेवार व्यक्तिहरूलाई कानून अनुसार जवाफदेही बनाइनेछ । ओडिशा प्रहरीले २४ ह ७ हेल्पलाइन नम्बर - +९१-८२८०३३८३०१ - साझा गरेको छ जसमा सहयोगको आवश्यकता परेका नेपाली विद्यार्थीहरूले सम्पर्क गर्न सक्नेछन्। ओडिशा सरकारले नेपाली विद्यार्थीहरू सहित सबै विद्यार्थीहरूको सुरक्षा, मर्यादा र कल्याण सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र छिटो र निष्पक्ष रूपमा न्याय प्रदान गर्न आवश्यक सबै कदम चाल्नेछ ।

केआईआईटीलले 'अनिश्चितकालीन' आदेश फिर्ता लिएको छ र नेपाली विद्यार्थीहरूलाई क्याम्पसमा फर्कन र आफ्नो कक्षा पुनः सुचारु गर्न अपील गरेको छ । यसले नेपाली विद्यार्थीहरूको स्वदेश फर्कन सहज बनाउन क्याम्पसमा २४ ह ७ समर्पित नियन्त्रण कक्ष पनि स्थापना गरेको छ । केआईआईटीले दुई सुरक्षा गार्डहरूको सेवा पनि समाप्त गरेको छ, र दुई वरिष्ठ छात्रावास अधिकारीहरूलाई निलम्बन गर्नुका साथै अन्तर्राष्ट्रिय सम्बन्ध कार्यालयका एक वरिष्ठ अधिकारीलाई अनुसन्धानको लागि विचाराधीन सोधपुछ गरेको छ ।

केआईआईटीका उपकुलपतिले आफ्ना कर्मचारीहरूको टिप्पणी र व्यवहारको लागि खेद व्यक्त गर्दै सार्वजनिक माफी मागेका छन् र सबै नेपाली विद्यार्थीहरूलाई नियमित शिक्षामा सामेल हुन अपील गरेका छन् । भारत सरकारले भारतमा रहेका नेपाली विद्यार्थीहरूको कल्याण सुनिश्चित गर्न सबै आवश्यक कदम चाल्नेछ ।

## पीडित...

छन्, "चुनावको बेला भोट माग्न भोटरको खेत खलियान , माइत र ससुराली सम्म पुग्ने नेताहरुको राजनीतिक पार्टीहरुले रिन्कु सदायको मृत्यु प्रकरणमा छानबिनको लागि माङ नगर्नुलाइ के भन्ने ? अहिलेसम्म रिन्कु सदाय मृत्यु प्रकरणमा एक जनालाइ पनि सोधपुछको लागि इलाका प्रहरी कार्यालय लहानले बोलाउन सकेको छैन ।"

उनले जिज्ञासा् गर्दै लेखेका छन् 'घटनाका दोषीहरू फरार रहेका छन् भने यता उल्टै भगवतीपुर मुसहरी टोल पुरुष बिहिन बनेका छन् । गवाही दिने डरले पुरुषहरू आफैं भागेका रहेछन् । यो समुदायले न्याय कसरी पाउलान् ?'

घटना यसरी भएको थियो ।

आमा सीतादेवी र भाइ भुलासँग बस्दै आएकी रिंकु २६ माघको राति करिब ९ बजेतिर शौच गर्न भनेर बाहिर निस्केकी थिइन् । तर ६ घण्टासम्म घर फर्किनन् । उनी २७ माघ बिहानीपख ३ बजेतिर रोइरहेको अवस्थामा घरबाहिर फेला परिन् । ६ घण्टा बेपत्ता भएर घर फर्केपछि उनले परिवारलाई आफूमाथि सामूहिक बलात्कार भएको बताएकी थिइन् । परिवारका सदस्यका अनुसार रिंकुले आफूलाई स्थानीय रुपेश मण्डल, टिंकु मण्डल र चन्दन साहेलाले बलात्कार गरेको दाबी गरेकी थिइन् । 'शौच गर्न गएका बेला तीन जनाले उठाएर बाँसघारीमा लगेर सामूहिक बलात्कार गरे,' रिंकुले त्यसबेला भनेको उनका परिवारका सदस्य बताउँछन् ।

आफूमाथि बलात्कार भएको बताएकी दलित समुदायकी रिंकु टिनले छाएको आफ्नै 'भुईं घर' मा झुन्डिएको अवस्थामा ३० माघको राति ७:२० मा मृत भेटिएकी थिइन् । सलले घाँटीमा पासो लगाएको अवस्थामा उनको शव फेला परेको थियो ।

मृत्यु हुनुअघि रिंकुले आफूमाथि सामूहिक बलात्कार भएको बताएपछि घटना सामसुम पार्न गाउँमै पञ्चायती सभा समेत बसेको थियो । घटना दबाउन २९ माघमा गाउँमा पञ्चायती बसेको थियो । पञ्चायती बसेको विषय पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी वीरेन्द्रकुमारले बताए । तर रकमको लेनदेन भएको विषय भने अनुसन्धानकै क्रममा रहेको उनले बताए ।

सामूहिक बलात्कारको बयान दिएकी रिंकुको मृत्यु रहस्यमय, दुरुत्साहनमा अनुसन्धान घटना दबाउनका लागि सञ्चायती बस्नेहरू अधिकांशजसो फरार भएका छन् । सोमबारबाटै घटनास्थल पुगेको एसएसपी कोइरालाको टोलीले यसबारे अनुसन्धान गरिरहेका छन् । उनले बलात्कारको घटना दबाउन भन्दै रकमको बार्गेनिङ भएको पुष्टि गरेका हुन् ।

## मुक्कुम्लुङ...

हस्तक्षेप गर्न सक्ने खतरा छ। एक स्थानीय बासिन्दा दावा लिम्बूले भने, "हाम्रो मौलिक धर्म, संस्कृति, सभ्यता तथा पहिचानको रक्षा गर्नु हाम्रो कर्तव्य हो। केवलकार परियोजनाले हाम्रो सांस्कृतिक अस्तित्वलाई धम्क्याइरहेको छ।"

केवलकार परियोजनाको कार्यान्वयन भएमा यसले पर्यटन प्रवर्द्धन गर्न सक्ने सम्भावना रहेको छ। तर स्थानीय संस्कृति र सभ्यतामा पर्ने नकारात्मक प्रभावलाई लिएर स्थानीयबासीहरू चिन्तित छन्। उनीहरूका अनुसार, परियोजना सञ्चालनका क्रममा वातावरणीय प्रभाव, धार्मिक स्थलहरूको अवमूल्यन तथा सामाजिक संरचनामा असर पर्ने सम्भावना छ। विश्लेषकहरूका अनुसार, सरकारले स्थानीयबासीहरूसँग छलफल गरी परियोजनाको दीर्घकालीन प्रभावहरूबारे स्पष्ट हुनुपर्ने देखिन्छ। उचित परामर्शविना परियोजना अघि बढाउने हो भने यसले सामाजिक असन्तुष्टि निम्त्याउन सक्छ।

यस पदयात्राले मुकुम्लुङ क्षेत्रमा केवलकार परियोजनाको विरोधमा स्थानीयबासी तथा राष्ट्रिय नेताहरूको एकजुटता देखाएको छ। नेपाल सरकारलाई परियोजना रोक्न अनुरोध गर्दै स्थानीय सभ्यता जोगाउन आवश्यक कदम चाल्न आग्रह गरिएको छ।

स्थानीय समुदाय, नागरिक समाज तथा राजनीतिक दलहरूबीच व्यापक छलफल गरी मात्र परियोजनाको भविष्यबारे निर्णय गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन्। अन्यथा, आन्दोलन थप चर्किन सक्ने चेतावनी प्रदर्शनकारीहरूले दिएका छन्।


**साइबर अपराधबाट बचौं**

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाइक नगरौं,
- सामाजिक सञ्जालमार्फत् कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत् अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जालमार्फत् गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत् कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारबाही हुन्छ । कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं